9 771227 73 7969

(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



भदौ २०८३

२९९

(साहित्य, कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

**२०८३ भदौ (Sep–Oct 2026)**

वर्ष २५ अङ्क ११ पूर्णाङ्क २९९ (Year 25 Issue 11 Total issue 299)

सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

प्रधान-सम्पादक : धीरकुमार श्रेष्ठ

सम्पादक : भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल

कला संयोजन : राजेश मानन्धर

व्यवस्थापन : तुलसीकुमार कन्दङ्वा

वेबसाइट : https://sabdankur.com
http://bit.ly/sabdankur

आवरण : डिबिया

ISSN : 2773-7969

मूल्य रु. २५/-

**पत्रिकाको ठेगाना**

sabdankur@gmail.com/sabdankur58@yahoo.com

काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१-३६२०३२

मुद्रक : कोसी प्रिन्टिङ प्रेस, बबरमहल, काठमाडौँ

**वितरक :** साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

## यस अङ्कभित्र

### कविता/गजल/गीत

आँसुमा पग्लेको देश : अम्बरध्वज खाती ३, महामारीमा जेष्ठ नागरिक ! : तोयनाथ भट्टराई ५, सेतो भोजपत्रको जङ्गलमा... : डा. ब्योङ चियोल काङ ७, विकृतिको पहाड : गणेश घिमिरे 'मार्मिक' ८, समयले दिएको भगवान्... : ठाकुर बेलवासे ९, बिरानो देशमा : श्याम प्रधान ११, घाम बन्नु भएका बाआमा : मीनाकुमारी लामा १२, जोगाऔँ स्वाधीनता राष्ट्रको : महेशराज खरेल १३, गजल : नन्दलाल आचार्य १६, गीतः सुमन थापा 'सङ्गम' २४, ढुङ्गाको मुटु लिएर हिँड्नेहरू : अनुज श्रेष्ठ पृथक् ३२, वासन्ती सुवास लिएर तिमी आऊ न : डा. दामोदर रेग्मी ३८

### कथा/निबन्ध/नियात्रा/समालोचना/समीक्षा

जीवित सङ्ग्रहालय : डा. मधु माधुर्य १७, सुशीला : प्रह्लाद दवाडी २२, समीक्षा बैठक : राम विनय २५, साइकल सरर्र : लक्ष्मीकृष्ण श्रेष्ठ २८, एउटा मन : नवराज रिजाल ३३, जिन्दगी, प्रकृति र सर्वोच्चताको खोज : विमल गिरी ३६, यात्राको लय नियात्राकृतिमा... : जय छाङ्छा ३९, प्राची का सूर्यले छरेको ज्योति : डा. अम्बिका अर्याल ४५

# हाम्रो अभिमत

लेखनका लागि शैली महत्त्वपूर्ण हुन्छ र छ । यो स्रष्टालाई स्वयमेव प्राप्त हुन पनि सक्छ । यसका लागि केवल सामान्य प्रयत्न आवश्यक हुन्छ, साधना र अभ्यासकै चरणबाट प्रवेश पाइरहनु उति साह्रो जरुरी ठानिँदैन । लेखनका क्षेत्रमा केही यस्ता सर्जक पनि हामीलाई प्राप्त भए र हुँदै छन् जसका लागि शैली आर्जनको विषय नभई स्वयमेव प्राप्त सिप बनेर देखा पऱ्यो । यस्ता सर्जकलाई यस्ता सिप जन्मजात प्राप्त भए । उनीहरूले शैलीका लागि नै भनेर बढी समय खर्चिरहनु परेन । बरु यसको साटो उनीहरूले सिर्जनालाई नै अब्बल बनाउनेतिर लागिपर्न पाए । फलतः उनीहरूका लागि शैली श्रमसाध्य विषय भएन । यो स्वयमेव आर्जित सम्पत्ति भयो । यसमा उनीहरूको निजत्व आफै स्थापित भयो । यसका लागि अरू कसैको शैलीको नक्कल गरेर आफ्नो निजत्वको खोजी गर्नुपर्ने आवश्यकता परेन । बरु यसको साटो उनीहरूको निजत्व स्थापित शैलीले क्रियाशील र पछि आउने पुस्तालाई आकर्षित गर्न सक्षम भयो । यसले गर्दा अनुज पुस्ताका लागि उनीहरूको शैली सिर्जनाका क्षेत्रमा प्रवेश विन्दु भयो । फलतः पछि गएर लेख्दै जाँदा उनीहरूले आफ्नो फरक शैली निर्माण गर्न सक्षम भए । यस्ता पर्याप्त उदाहरणहरू देख्न पाइन्छ ।

शैलीलाई अर्को पाटोबाट पनि हेर्न सकिन्छ । त्यो भनेको यो आर्जनको विषय हो । यो स्वतः प्राप्त छैन भने यसलाई प्राप्त गर्न सकिन्छ । शैली निर्माण भइसकेको छैन भने यसलाई निर्माण गर्न सकिन्छ । यसर्थ यो निर्मितिको विषय हो । यसलाई बनाउन सकिन्छ । यसर्थ शैली केवल स्वतः आर्जित विषय मात्र नरही निरन्तरको अभ्यास र साधनाबाट पनि पाउन सकिन्छ । यसमा आफ्नो निजत्व र स्वको निर्माण गर्न सकिन्छ । यसका लागि पटक पटकको प्रयास आवश्यक हुन्छ । केवल सामान्य चेष्टाले यसको प्राप्ति सम्भव हुँदैन । यसका लागि कठिनभन्दा कठिन परिवेश र परिस्थितिहरूको सामना गर्न पनि तयार हुनुपर्छ । यही कारण यो श्रमसाध्य विषय हो भनिरहनु परोइन ।

यसर्थ लेखनका लागि शैली महत्त्वपूर्ण विषय हुने नै भयो । यस विषयमा कुनै फरक मत रहनुपर्ने देखिएन । अब यो अर्को महत्त्वपूर्ण पाटो हो कि शैली आवश्यक छ भने यो कस्तो हुँदा बढीभन्दा बढी सान्दर्भिक होला । वस्तुतः थोरैमा धेरै भन्न सक्ने सिपयुक्त शैली नै आजको आवश्यकता हुनुपर्छ । शैलीका नाममा निर्माण हुने लामा लामा लेखन आजको बेफुर्सदीको समयका लागि अनुकूल नहुन सक्ने सम्भावना बलियो बन्दै गएको छ । अचेल त थोरैमा धेरैको चाहना बढीजसो हुने गरेको छ । समय अभावले लामा लामा रचनाले पहिलो नजरमै तर्साउन सक्ने सम्भावना पर्याप्त देखा परिरहेको अनुभव हुन्छ । यसर्थ छरिएकोभन्दा समेटिएको, असरल्लभन्दा व्यवस्थित र बोक्रा मात्र अधिक भएको भन्दा गुदीको मात्रा अधिक भएको लेखन नै आजको आवश्यकता हो कि भन्ने अनुभव हुन थालेको छ । यसैले सङ्गठित र उद्देश्यकेन्द्रित लेखनले आजको आवश्यकताको रूप लिँदै गएको महसुस हुन्छ । यद्यपि कतिपय विषयलाई विस्तारपूर्वक प्रस्तुत नगरी त्यसको अन्तर्यसम्म पुग्न नसकिनुका साथै मर्मबोध गर्न नसकिने र बौद्धिक विमर्शका बखत लामा लामा लेखनको अपरिहार्यता पूर्णतः समाप्त भइसकेको हो भन्न कदापि खोजिएको होइन । बरु के भन्न खोजिएको हो भने समयानुकूल लेखन आवश्यकताका लागि समास शैली अपरिहार्य बन्दै छ । यसकारण समयको माग र आवश्यकतालाई ध्यान दिएर सर्जकले विन्दुमा सिन्धु अटाएर लेखनलाई कसिलो, भरिलो, पोटिलो, चोटिलो र प्रभावकारी बनाउँदै जाने हो कि ?

– प्रधान सम्पादक

कविता

# आँसुमा पग्लेको देश



**अम्बरध्वज खाती**
**(भङेरी मार्ग, भङ्गाला, चपली २ बु.नि. नपा)**

सहरको पुछारतिर
सडकको दुवै किनारमा छित्रेका
सस्ता मान्छेका सस्ता बस्तीहरू
यहीँ बस्तीमा छ एउटा जीर्ण
आयु सकिएर भत्कन तयार एउटा पाटी–
धुवाँ-धुलो र फोहरले छोपेको सडक
पान, पान-पराग र खैनीका थुकले कुरूप भित्ताहरू
पिसाब गन्हाएका कुनाहरू
दिसा कुहिएको आँगन ।

१

चारप्रहर रात यहीँ पौवामा काटेर
यहीँबाट निस्कन्छ सधैँ यो केटो यो बाटोमा
आफूभन्दा ठुलो बोरा लतार्दै काँधले–
ओठमा सुस्केरा छ
सुस्केरामा एउटा गीत
'सुन्दर नेपाल शान्त-विशाल ।'

२

अलिकति पर
यो बाटोको नजिकै
पुर्खाले चिनेको चौपारी हो यो
आजभोलि केटाकेटी पढ्ने स्कुल भा'छ
यसैको प्राङ्गणमा सधैँ सबै बिहान
एकत्रित केटाकेटीहरूले प्रार्थना गर्थे
प्रार्थनामा, देश गाउँथे
नबुझे पनि उसले
लय र स्वर पाएको यो गीत
मस्तिष्कमा टाँस्थ्यो
सम्झनामा झुन्डिन्थ्यो
त्यहीँ गीत हो यो
उसको सुस्केरामा बज्थ्यो ।

३

उसलाई मन परेको गीत हो यो
सुन्न मात्रै भए पनि
सधैँ ऊ यहाँ आउँथ्यो
यसैलाई
जहाँ पुगोस् गाउँदै पुग्थ्यो ।

४

प्रार्थना सकेपछि
विद्यार्थीहरू किताब र कापी खोल्थे
लेख्नपढ्न थाल्थे
कतिले दुना घोक्थे
ऊ भने, अब एक्लै
यहीँ गीत सुस्केरामा गाउँदै
आफ्नो बाटो लाग्थ्यो–
सहरतिर सोझारिन्छ ।

५

पानीका रित्ता प्लास्टिकका बोतलहरू,
होटेलले फालेका मासु लुछेका हाड,
जुठा भात र जुठा भाँडाहरू
तरकारी पसलेले फालेका कुहिएका सागका मुठाहरू
रक्सी र जाँडका टिनका कुच्चिएका भाँडाहरू,
र गुहुमुतमा मुछिएका थाङ्नाका थुप्राहरू
जहाँ हुन्थे सधैँ त्यो त्यहाँ पुग्छ
त्यहीँ डङ्गुरमाथि बसेर
दुवै हातले फोहर खोतल्छ
जब जब खोतल्छ फोहर
उसको ओठमा सुस्केराको रिल फुक्छ
सुस्केराको रिलमा यहीँ गीत हो बार बार बज्छ
बार बार दोहरिन्छ ।

६

जब जब सुन्छ देशले यो 'आफ्नो गीत हो'
गाइरहेको छ कठै उसको सुस्केराले
देश कमलो भएर
आँसुमा पग्लन्छ
रोई रोई सकिन्छ ।

(ajamberdhojkhati@gmail.com)

कविता

# *महामारीमा जेष्ठ नागरिक !*



तोयनाथ भट्टराई

कोरोना छल्दै बाँचिएको छ
आजसम्म त
बाँच्न सफलहरूको नामावलीमा छ
हाम्रो जेष्ठ नागरिक जिन्दगी !
घर छोडिएको छैन
बैठक अन्तरक्रिया भर्चुअल हुन्छन्
जुममा फेसबुकमा अडियो भिडियोमा !
कतै जानु नपरेपछि
लुगाफाटा, जुत्तामोजा
सङ्ग्रहालयमा थन्के झैँ थन्केका छन् !
सहरमा, सडकमा वा भोजादिमा
इष्टमित्रले बिहेबटुलामा बोलाउँछन्
बोलाएको ठाउँमा नजाऊँ कसरी नजाऊँ
मानको अपमान गरेको बात लाग्ला
वृद्धलाई सम्मान गरेर आएको निम्तो
जाऊँ कसरी जाऊँ ?
यो महामारीको प्रोटोकोल नाघेर
भरे क्यै भइहाल्यो भने ?
बुढाबुढी अगेनाको दुईतिर बसेर
वा रातभरि ओछ्यानमा ओल्टिँदै पल्टिँदै
यस्तै कुरा सोचेर अनिद्रा झेल्नुपर्छ !
आमन्त्रित समारोहको दिन टरेपछि
बल्ल अलिकति ढुक्क लाग्छ तर
आफ्नो पर्दा यसै गरी अरू आइदिएनन् भने
कस्तो होला भन्ने पनि लाग्छ !
जान त मन हुन्छ तर मुटु मिचेर
रिग्रेट पठाउनुको विकल्प रहँदैन !
यसो समाचार हेर्‍यो सुन्यो
न नेताहरू न कार्यकर्ता भैतिक दूरी मान्छन्

कम्तीमा मास्क चैँ लाइदिए हुन्थ्यो नि ?
भ्रष्टाचार नगरेकाले

स्वास्थ्यको नियम मान्न मास्क लगाइदिए
भ्रष्टाचारमा डुबेकाले
त्यो भ्रष्ट नाक छोप्नै मात्र भए पनि मास्क लगाइदिए
अलिकति मात्र भए पनि कोविदको जोखिम घट्दो हो !
रक्तचाप, मधुमेह, प्रोस्ट्रेट र अन्य कति रोग छन्
अस्पतालमा उस्तै भिड छ
यसो भौतिक दूरी कायम गरेर क्युमा राखे पनि हुने नि !

भिडमा भौतिक दूरी मिचिएर सङ्क्रमण हुँदा
त्यही कारणबाट यो कच्चा शरीर
अभौतिकीकरण हुन बेर छैन !
दूरबाट कोविद विरूद्ध खोप ल्याए भन्छन्
यो धनीले चुसेको गरिब देशमा
हाम्रो पालो कहिले आउला भन्दै
चिन्तैचिन्ताको बिचमा केवल मनोबलको भरमा
कोविदकृत असङ्ख्य मानव अवसानका
दुःखद खबर सुन्दै सुन्दै
'हे भगवान् जसरी भए पनि यो कोरोनाबाट जोगाइदेऊ !'
भन्दै भन्दै आशैआशमा बाँचिएको छ
यो सोझो निमुखो र निर्धो जेष्ठ नागरिक जिन्दगी !

(btoyanath@yahoo.com)

**सर्जकमा विशेष अनुरोध**

कृपया अन्य पत्रपत्रिका, फेसबुक, अनलाइन पत्रिका आदिमा अप्रकाशित र प्रकाशनका लागि अन्यत्र नदिइएका प्रकाशनयोग्य रचना मात्र सम्पादनको अधिकारसहित शब्दाङ्कुरमा प्रकाशनार्थ पठाउनुहुन र यस मासिकमा प्रकाशनार्थ पठाइएका रचना अन्यत्र छपाउनुपर्ने भएमा सूचना दिएर मात्र छपाउनुहुन हार्दिक अनुरोध गर्छौं ।

**शब्दाङ्कुर परिवार**

अनुवाद कविता

# सेतो भोजपत्रको जङ्गलमा हिउँ झरिरहेको



**डा. ब्योङ चियोल काङ (दक्षिण कोरिया)**
अनुवाद : चन्द्र गुरुङ

संसार डुलिसकेपछि
म अब पोल्यान्डको भोजपत्रको जङ्गलमा
हिउँ झरिरहेको हेर्छु ।

आफ्नो घर छोड्ने हरेक मनले
चाहना गर्छ आफू एकपटक बसेको भूमिको
पछाडि छोडिएको जङ्गली फूलहरूको अल्झिरहने सुगन्ध
र प्रिय आवाजको हाँसो ।

म मात्रै जेजुको घामलाई सम्झिन्छु
घामको प्रकाशभन्दा बहुमूल्य कुनै उपहार छैन ।
जेजुमा शरद ऋतुको घाम
आँखै तिरमिराउने सुन्दर हुन्छ
तिमीले कहिल्यै थाहा पाउने छैनौ
म घामलाई कति धेरै माया गर्छु ।

खैरो आकाशमुनि उभिएर
पोल्यान्डको भोजपत्रको जङ्गलमा हिउँ झरेको हेर्दै
यस दिव्य र सुन्दर जङ्गलमा
म घामको न्यानोपनको चाहना गर्छु ।

हिउँका टुक्राहरू अन्तहीन खस्छन्
थुप्रिन्छन् हिउँले ढाकिएका भोजपत्रका रूखहरूमा
जसरी मेरो हृदयमा
चुपचाप थन्किन्छन् चाहनाहरू ।

(chandu_901@hotmail.com)

**अस्ट्रेलियामा शब्दाङ्कुर पाइने ठाउँ**

**शब्दाङ्कुर बुक्स एन्ड पब्लिकेसन, अस्ट्रेलिया**
sabdankuraustralia@gmail . com | Phone: 061 -0403721631 (Whats App and Viber)

**सिडनी, अस्ट्रेलिया**

कविता

# विकृतिको पहाड



गणेश घिमिरे 'मार्मिक'

छन्द : श्रग्धरा

गाई पाल्दैन मान्छे कुकुर घरभरी पाल्छ साथै सुताई
गाईको दुग्धभन्दा अमृत मद भयो हाय कस्तो बुझाइ !
मान्छेमा भेद गर्छन् छुत अछुत भनी जातले भात छुन्छ
जल्ले विश्वास गर्छन् हर क्षण तिनकै साथमा घात हुन्छ ।

जो जो बन्दो छ माली हरबखत उही फाल्छ बोटै उखेली
मौका हेरेर विद्वान् दलबदल गरी भ्रष्टकै बोक्छ झोली
भ्रष्टाचारीहरूकै प्रतिदिन छ ठुलो दब्दबा देशभित्र
मर्छन् निर्दोष निर्धा गरिबजन यहाँ हाय कस्तो विचित्र !

सम्धी साला बुहारी टिकट जति सबै बाँड्छ नेता तिनैमा
राम्रोभन्दा छ हाम्रो पछि पछि दुनिया हिँड्छ संस्कार छैन
सोझासाझा र सज्जन् गरिबजन बरा बस्दछन् पेट काटी
नेता बन्दैन मान्छे किन भन जनता देशलाई नढाँटी ?

मान्छे गर्दै छ धन्दा निशदिन कसरी धर्मको नाम बेची
पाखण्डी धूर्त ढोँगी कति ठग धरतीभित्र छन् निर्विवेकी
कालो धन्दा कसैले हरबखत गरी बन्दछन् हाइहाइ
चोखो बन्छन् फटाहा कति सहज बलात्कारवाला लुकाई ।

बोक्सी भन्दै लखेट्छन् गरिब दलित भए बेसहारा बनाई
धामी उफ्रन्छ जान्ने बनिकन बलले मूत्र आची खुवाई
लाटोजस्तै रमाई खुबसँग रमिता हेर्छ हाम्रो समाज
यस्तै यस्तै कुराले सबल मुलुक यो नर्क बन्दै छ आज ।

(ganeshmarmik@gmail.com)

शब्दाङ्कुरका वितरक
साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स
चावहिल, काठमाडौँ,
फोन : ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

कविता

# समयले दिएको भगवान् जब राक्षस बन्छ !



ठाकुर बेलवासे

मानिसहरूले समयसँग एउटा असल मान्छे मागेका थिएँ
आफ्नो देश जोगाउन
र आफूलाई बचाउन !

मानिसहरूको व्याकुलता देखेर होला
सायद समयले उनीहरूलाई
भगवान् दियो
भगवान्लाई मानिसहरूले आफ्ना सम्पूर्ण चिजहरू दिएँ
जस्तो कि -
आँखा दिए
रोगी थिए आँखा
पावरदार चस्मा दिए

खुट्टा दिए
कमजोर थिए, खुट्टा
शुभचिन्तकले दिएको वैशाखी थियो
त्यो पनि दिए
हात दिए
हातसँगै शक्ति र सङ्घर्ष पनि दिए
मन दिए
मनसँगै हिम्मत पनि दिए

दिँदै गए जस्तो कि -
शिरको टोपी
शरीरको दौरा
अनि कछाड पनि दिए
बिनाचिन्ता
मानिसहरू नाङ्गो भए
उनीहरूले आफ्नो मस्तिष्क पनि दिन खोजे
उसले मानिसहरूको मस्तिष्क लिन चासो दिएन

एक दिन केही घण्टाकाका लागि उसले मानिसहरूको मस्तिष्क माग्यो
उनीहरू हर्षविह्वल भएर
आफ्नो मस्तिष्क पनि दिए

केही घण्टामै मस्तिष्क फिर्ता गर्‍यो
प्रभुमा समर्पण गरेको
हाम्रो मगज फिर्ता लिन्नौँ भन्दै
भक्तिभाव गर्न थाले मानिसहरू !
तर ऊ
पुराना, जीर्ण र रोगी मस्तिष्क मलाई चाहिँदैन भन्दै फर्कियो

ऊ
उनीहरूको अन्तिम भगवान् थियो
बिनासर्त विश्वास थियो
अनि मानिसहरूले आँखा चिम्लिएर
समयले दिएको भगवान्को आराधना गर्न थाले !

आँखा खोल्दा त
ऊ राक्षस बनेको थियो
उसका हातहरू डोजर बनेका थिए
आँखा ज्वालामुखी
खुट्टा खुँडातरबार बनेर दौडिरहेका थिए

देशको छातिमाथि विदेशी काँढेदार बुट बजार्दै
ऊ चिच्याइरहेको थियो
–
'तिमीहरू बाँच्नु पर्दैन
आफै मर्छौ कि
म मारौँ तिमीहरूलाई !'

यसबेला मानिसहरू मात्रै होइन
समयलाई समेत
उसले नाङ्गो बनाइसकेको थियो !

अहिले उनीहरू समयसँग
गुनासो गरिरहेका छैनन्

विवेक गुमेको आफ्नै विगतसँग
गुहार माग्दै छन् !

हरेक परिस्थितिले सडकका मानिसलाई
समय जोगाउने जिम्मा
दिन्छ !
फेरि पनि त्यस्तै स्थिति उनीहरूका अगाडि आएको छ !

भगवान्ले भन्दा ठुलो शक्ति राख्ने
सडकका मानिसहरू नै जन्माउँछन् भगवान्हरू
र
सडककै मानिसले नै त बध गर्छन्
राक्षसहरू !

कविता

# बिरानो देशमा



श्याम प्रधान

म आएको थिएँ बिरानो देशमा
तिम्रो साथ पाएँ, मधुर मुस्कान पाएँ
तिम्रो त्यो अधरको अधुरो मुस्कानभित्र
सिङ्गो एउटा देश पाएँ, विश्व पाएँ
नजाने अरू पनि के के पाएँ ।
फेरि एक्कासि आज म विरान भएँ
संसारदेखि निराश भएँ, किनभने
तिम्रो त्यो अधरको मुस्कान छैन,
तिम्रो मृदुता छैन

ईश्वरसँग प्रार्थना छ तिमीलाई कसैको
नजर नलागोस्,
भगवतीले
तिम्रो निधारमा कालो टीका लगाइदिउन् र
तिम्रो अधरमा सधैँ मुस्कानको कोपिला फक्रिरहोस्
जाँदै छु टाढा टाढा तिम्रो प्रेरणा लिएर, तिम्रो सम्झना
एउटा अनन्त यात्राको बिरानो देशमा बिरानो भएर ॥

कविता

# घाम बन्नु भएका बाआमा



मीनाकुमारी लामा

म सानो छँदा
सोच्थेँ-
मेरा बाआमा कहिल्यै बुढो हुनुहुन्न !
घाम त बुढो हुन्छ !

बिहान झुल्कने घाम
साँझ बुढो भएर
रातभरका लागि अस्ताउँदा
सोच्थेँ
मेरा बाआमाले हरेक बिहान
घामलाई बोलाउनुहुन्छ
घरको आँगनमा

अहिले त
मेरा बाआमा आफै घाम बन्नुभएको छ
बादलले आकाशको घाम छेके पनि
मेरो घरमा घामको उज्यालो छेकिन्न
बाआमाको पाकेको अनुहारबाट आउने किरण
घामका किरणभन्दा तेजिला र शीतल हुन्छन्

घरमा बाआमा भएपछि
न बादल लाग्छ
न कुनै अभाव देखिन्छ

म सानो छँदा
सोच्थेँ-
मेरा बाआमा कहिल्यै बुढो हुनुहुन्न !
घाम त बुढो हुन्छ

तर अहिले उहाँहरू घाम बन्नुभएको छ !
बुढो हुनुभएको छैन ।

कविता

# जोगाऔँ स्वाधीनता राष्ट्रको

महेशराज खरेल



जीवन बाँच्ने भनेको
शरीरलाई आवश्यक खान
थाकेका बेला मिठो निद्रा निदाउन
एउटा छाप्रो छानो
हुरी बतास पानी झरीबाट जोगाउन
अलिकति औषधीमुलो
बिरामी परेका बेला निको बनाउन
यससँगै सामर्थ्य जोडेर आफ्नो
सकिन्छ भविष्य सुन्दर सजाउन
यति भए पुग्दछ
एउटा सजीव मानिसलाई
जिन्दगी सहज बाँच्न

जीवन बाँच्ने भनेको
आफ्नै मिहिनेत र पसिनामा
शिर ठाडो पारेर मुस्कान छर्दै
स्वाभिमान बोकेर गौरव गर्दै
देश निर्माणको झन्डा उठाउन सक्नुपर्छ
जिउन सकिन्छ खुसीसाथ
आफ्नो जीवन
चहार्नु पर्दैन बैरीका दैला दैलामा
निगाहा बक्स होस् भन्दै
पराइका सामु हात पसारेर चिहाउँदै

केवल बाँच्ने बहानामा
शिर झुकाएर
निहुरमुन्टी न बन्दै
आफ्नो स्वत्व गुमाएर
अनावश्यक ख्वाब पालेर मनमा
घुँडा टेकेर फिरङ्गीका अगाडि
नबेचौँ स्वाधीनता राष्ट्रको

हेरौँ ! बुझौँ धैर्य गरौँ
राष्ट्र सग्लो रहे
हामी जित्ने छौ संसार फेरि
सम्पूर्ण गुमेका छैनौँ हामी
बिउ थोरै हुन्छ सिर्जना उमार्न
हामीसित बिउ छ मूल्यको
बाँच्नलाई पुग्ने
सामर्थ्य हामी आफैसँग छ
प्रकृतिले उपहार दिएकी छन्
उर्वर भूमि हामीलाई
पर्दैन कान लत्र्याएर
अरूका अगाडि गिड्गिडाउन

बरु हामी यसो गर्न सक्छौँ
ज्ञान प्रज्वलित गरौँ सबैमा
आफ्नै सभ्यताको
उर्वर धरतीमा उत्पादन बढाउन
हातमा ठेला उठाएर पसिना बगाउँदै
अस्तित्व फलाउन सिकाऊँ स्वाधीनताको
हामीले देख्न पाउने छौ
त्यहाँ एकत्व जोडिने छ
विभाजन भत्किने छ
लहलहाउँदो फसल फल्ने छ
अनि माला उनिने छ आत्मगौरवको

ढाँटेर स्वजनलाई दिग्भ्रमित गऱ्यौँ भने
फल्दैन समृद्धिको फल राष्ट्र बाँझो रहे
देश बिग्रन्छ अनाडी खेलबाडले
राष्ट्रिय भावनालाई चिरा बनाउँदै गए
त्यसैले
हामीले बुझ्ने बेला आएको छ
हेरौँ त !
सबै प्राणीले जीवन बाँच्न
आआफ्नै पाराले जानेका छन्
बुझेका छन्
भनदिऊँ अब त हामी पनि तिनलाई
भो पर्दैन नसिकाऊ हामीलाई

हामी आफै जानकार छौँ
सर्पले पनि आफ्नो समयमा
आफै काचुली फेर्दछ
छेपारोले झैँ रङ फेर्दैन उसले
तिमी रङ फेर्दै छेपारोझैँ नआऊ यता
पिपलपाते बनेर हावाको गतिसितै
दिशा बदल्ने ज्ञान नसिकाऊ अब

हाम्रो लक्ष्य
स्वाधीन अस्तित्व पहिचानको द्योतक हो
त्यो भनेको जडता होइन
गतिशीलता हो
गतिको निमित्त अरूमा बोकिएर
दौडिनु भनेको होइन
आफ्नै सामर्थ्यमा हिँड्नु हो

जिन्दगी एउटा समय सीमाको
कुरा मात्र पनि त होइन
यो त निरन्तर अभियान हो
एउटा गल्छेडो उक्लिन
नबेचौँ हामी उर्वर फाँट राष्ट्रको

हेरौँ ! सम्झौँ अनि बुझौँ
जीवन बाँच्न त
भोक लागेका बेला
अलिकति खान
निद्रा लागेका बेला
अलिकति निदाउन
एउटा सानो छानो जीवनको
घामपानी असिना झरीबाट जोगाउन
अलिकति औषधीमुलो
रोगव्याधीबाट बचाउन
आवश्यक हुने न हो
मातृभूमिमाथि अत्याचार गरेर
बन्दैन समृद्ध जीवन सन्ततिको
आमाको रक्षा गर्नु नै
हाम्रो पहिलो परम् कर्तव्य हो ।

# गजल



नन्दलाल आचार्य
(सिद्धार्थटोल, उदयपुर)

नयाँ चिन्तन, नयाँ ऊर्जा, नयाँ यो ज्ञान भरेर आएँ,
अँध्यारोलाई चिर्दै दीप, मनैमा आज छरेर आएँ ।

भयो उत्सर्ग स्वार्थैको, बन्यो यो देश नै मन्दिर,
नयाँ सङ्कल्पका निम्ति, निजी स्वार्थ मारेर आएँ ।

गुराँसझैँ फुल्नलाई त झर्नु नै पर्छ है पहिले,
अहम्को उच्च थुम्कोबाट, पानीझैँ झरेर आएँ ।

किताबी ज्ञानको घेरा, नाघेर चेतना खोज्दै,
नदीझैँ अमृतै बोक्ने, यो सागर पार तरेर आएँ ।

कुहिरो हीनताको त्यो, हट्यो सङ्कोचको पर्दा,
सधैँ अघि बढ्नलाई, आफ्नै डरबाट डरेर आएँ ।

विपत्मा ज्ञानको त्यो दीप, बाल्दाबाल्दै म आफै,
सुखी संसार सिर्जनमा, सङ्कटमै परेर आएँ ।

कराउने कागका बिचै, गुन्जियो कोइली मिठो,
सुगन्धित ज्ञानको वृक्ष, चराझैँ पो चरेर आएँ ।

हटाउनु छ बाधा र, अन्यायका ती तगारा,
कुमार्ग र कुरीतिलाई, विवेकले हरेर आएँ ।

उदाउने छ भोलि सूर्य, दिने छ ज्योति धर्तीमा,
प्रतिज्ञा देश फेर्ने यो, म आज नै गरेर आएँ ।

काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ
**पुस्तक सेन्टर**
अद्वैतमार्ग (आरआर क्याम्पसको ठिक पछाडि), बागबजार
०१-५३६६७८० ९८४१-३६७७६२

क्वान्टम कथा

# जीवित सङ्ग्रहालय



डा. मधु माधुर्य

... भित्तामा झुन्डिएको सानो गोलो घडीको सुई उल्टो घुमिरहेको थियो....

*** *** ***

बिहानको खाजा खाइसकेपछि सोफिया सरासरी आफ्नो कोठातिर लागिन्, सुटकेसबाट निकालिन् CANON EOS R% Mark II फोटो-भिडियो क्यामरा र त्यसको लेन्स जडान गरिन् । त्यसपछि क्यामरालाई ऐनातिर सोझ्याउँदै आफ्नै फोटो खिचिन् र भनिन्, 'हरे भगवान्, खोइ त मेरो ओठमा लिपिस्टिक ?' ओठमा आफूलाई मन पर्ने गाढा रातो लिपिस्टिक दलिसकेपछि हल्का पहिरनको दुईचार ठाउँमा 'मिस डिओर' अत्तर छरिन् र बिस्तारै होटेलको मूल द्वारतर्फ लागिन् । बाटामा तिनलाई देख्ने होटलका आगन्तुकले अड्कल काटे– सायद कुनै विदेशी महिला फिल्मको सुटिङमा आएकी होलिन्, कति सुन्दरी छे परी वा नायिकाजस्तै देखिने ! त्यही गेटमा घडी हेरेर प्रतीक्षारत हरिबहादुरलाई देखेपछि सोफियाले अभिवादनका लागि हतार हतार पाइला अघि बढाइन् ।

'नमस्ते ह्यारि ... !'

'नमस्ते सोफिया !'

दुवै जना ट्याक्सी चढे । अगाडि सोफिया बसिन् । पछाडि हरिबहादुर ।

'हाम्रो योजनाअनुसार पहिला हामी स्वयम्भू जाने अनि काठमाडौँको अरू ठाउँ हेर्ने ...'

'अवश्य, तपाईंले नेपाली राम्रो बोल्नुहुँदो रहेछ, कहाँ सिक्नु भएको ?'

'अमेरिकामै सिकेको हो । झन्डै २ वर्ष ... (एक्कासि सन्दर्भ परिवर्तन गर्दै) ओहो ! कति सानो बाटो, कति धेरै गाडी, साइकल, मोटरसाइकल ... ! (बाहिरको दृश्यलाई क्यामराभित्र कैद गर्दै) तर राम्रो छ ...'

स्वयम्भूको छोटो घुमाइ सकेपछि गाडी वसन्तपुरतर्फ हुइँकियो ...

वसन्तपुर र त्यसवरिपरिको दृश्य देखेपछि सोफियाले मन्द मुस्कान छाड्दै आश्चर्य प्रकट गरिन्, 'ओहो ! मानिसको बस्तीमा ईश्वर र ईश्वरको बस्तीमा मानिसहरू ...'

मन्दिर र वास्तुकलाको फोटो खिचिसकेर असन र इन्द्रचोकको ठेलमठेल भिड छिचोल्दै उनीहरू रत्नपार्कको गेटनिर पुगे ।

गेटनिरको काउन्टरमा 'स्मृतिग्राम' प्रवेश गर्ने टिकट किन्न खोज्दा विक्रेताबाट 'माफ गर्नुहोस् आजका लागि एउटा पनि टिकट उपलब्ध छैन, भोलिका लागि केही टिकट बाँकी छन्' भन्ने जवाफ पाएपछि निराश हुँदै स्विकारोक्तिमा सोफियाले टाउको हल्लाइन् र भनिन्, 'भोलि ठिकै छ, यसैका लागि म नेपाल आएकी ...'

त्यसपछि दरबार स्क्वाएर हुँदै एउटा मोमो पसलमा जाने सल्लाह भयो हरिसँग । सोफिया मूलतः कोलम्बिया युनिभर्सिटीमा 'दक्षिण एसियाली राजनीतिक संस्कार' विषयमा विद्यावारिधि गरिरहेकी अनुसन्धानकर्ता हुन् । नेपालमा पछिल्लो समयमा 'युवा-क्रान्ति'पश्चात् भएका

परिवर्तनको अध्ययन गर्न विश्वका धेरै मानिसको आगमनका कारण ह्वात्तै बढेको असामान्य भिडले गर्दा काठमाडौँको पर्यटन व्यवसायले नयाँ छलाङ मारेको देखिन्छ र मोमो पसलमा समेत लामै लाइन बस्नुपरेको अवस्था देखेपछि हरि र सोफियाबिच नयाँ ठाउँमा मोमो खान जाने कि भन्नेबारे संवाद हुन थाल्यो ।

'मिठो मोमो पाउने अर्को ठाउँ पनि छ तर गाडीबाट त्यहाँ पुग्न आधा घण्टा लाग्छ, कि जाने ?'

'त्यहाँ पनि यस्तै टाइम स्क्वाएरको जस्तै भिड भयो भने समय खेर जाला नि फेरि ?'

'त्यो त भन्न सकिन्न, 'स्मृतिग्राम' बनिसकेपछि यहाँको अवस्था एकाएक परिवर्तन भएको छ, ठिक छ आज यहाँकै मोमो टेस्ट गरौँ ...'

लामो कुराइपछि मोमो आइपुग्यो । मोमो खाने बेला तिनलाई हेर्दै 'मोनालिसाजस्ती पो छे त !' भन्दै सोफियाको सौन्दर्यमा झुम्नेहरूको नौलो भिड देखा पर्‍यो । भिडलाई वास्ता नगरी उनीहरू मोमो खाने ध्यानमै केन्द्रित रहे । जति पानी पिए पनि कहिल्यै नचाखेको टिमुर र अकबरे खुर्सानी मिसिएको तिक्खर पिरो अचारका कारण गाजल पखाल्दै सोफियाको आँसु गालातिर बगिरह्यो । यो समस्याले तिनी थप तनावमा थिइन् । त्यसैले गाडी सोफिया बस्ने होटलतिर हुइँकियो । भोलिको ब्रेकफास्टपछि भेट्ने सर्तमा हरि र सोफिया छुटे ।

***     ***     ***

बिहानको दश बजेको छ । 'स्मृतिग्राम' प्रवेशद्वारमा मान्छेको ठेलमठेल भिड । प्रहरीले आगन्तुकलाई संयमपूर्वक लाइनबद्ध बस्न माइकिङ गरिरहेको चर्को ध्वनि गुन्जिरहेछ ।

'सोफिया, हाम्रो पालो आयो, २ नम्बरको गेटबाट प्रवेश गरौँ ।'

'ह्यारी भित्र पसेपछि मैले क्यामराले फोटो-भिडियो खिच्न पाउँछु नि होइन ?'

'हो पाउनुहुन्छ, त्यसका लागि छुट्टै टिकट हिजै काटिसकेको छु ।'

'५ वर्षअघि आउँदा त यो ठाउँमा एउटा पार्क पो थियो, यस्ता कुनै पनि संरचनाहरू थिएनन् ।'

'हो, रत्नपार्क थियो, पछि त्यसलाई शङ्खधर उद्यान भनियो । यो संरचना बनाउन रत्नपार्कमा खुल्लामञ्च र सैनिक टुँडिखेललाई समाहित गरेर एउटै मैदान बनाइयो ।'

'अनि, पहिलो लहरको ससानो मन्दिरजस्ता देखिने घरहरूमा नेपालका निवर्तमान प्रधानमन्त्रीहरू पो राखिएका रहेछन्, किन जेलमा ठाउँ छैन ?'

'ठाउँ त किन नहुनु ? तर जेलमा उनीहरूलाई राख्दा राष्ट्रलाई पैसा आउँदैन, स्मृतिग्राम ठुला ठुला राजनीतिक अपराध गरेका कैदीहरूको जिउँदो सङ्ग्रहालय हो, जसले हरेक दिन राष्ट्रलाई ५० लाख रुपियाँ आम्दानी गराउँछ ।'

'अनि ऊ त्यो कोठामा त मान्छेको ठाउँमा शालिक पो छ त ? किन ? कसको शालिक हो ?'

'ए, त्यो जङ्गबहादुर राणा को हो, जसले कोतपर्व र भण्डारखाल पर्वजस्तो हिंसात्मक षड्यन्त्र गरेर नेपालको राज्यसत्ता १०४ वर्षसम्म आफ्नै परिवारमा केन्द्रित गर्न सफल भयो । त्यो अपराधी जीवित नभएकोले उसको शालिक राखेरै भए पनि नयाँ पुस्तालाई इतिहास सम्झाउनुपरेको हो ।'

'किन यति धेरै मान्छे यहाँ राखेका ?'

'सत्तामा बसेर जघन्य अपराध गर्ने प्रत्येक हत्यारा, लुटाहा र भ्रष्टलाई यहाँ राखिएका छन् ।'

'उदाहरणका लागि ?'

'दासढुङ्गा काण्ड, निर्मला पन्त हत्याकाण्ड, नमिता-सुनिता हत्याकाण्ड, गौर काण्ड, छिन्ताङ

काण्ड, पिस्कर काण्ड, द्वन्दकालीन निर्दोष-जनहत्या काण्ड, जेनजी आन्दोलन गोली काण्ड, क्यान्टोनमेन्ट घोटाला काण्ड, हवाईजहाज अपहरण काण्ड, ८७ अर्ब सहकारी काण्ड, गिरिबन्धु काण्ड, ११ रोपनी जग्गादान काण्ड, भुटानी शरणार्थी काण्ड, ७० करोड काण्ड, १००/३३ किलो सुन काण्ड, ललिता निवास काण्ड, वाइड बडी काण्ड, यति-ओम्नी काण्ड, अरूण तेस्रो काण्ड, पानीट्याङ्की काण्ड, भ्युटावर काण्ड, सांसद अपहरण काण्ड, महाकाली सन्धी प्रकरण, टनकपुर काण्ड, टेरामक्स काण्ड, बाँसबारी काण्ड, टीकापुर जग्गा काण्ड, बालमन्दिर जग्गा काण्ड, नेपाल स्काउट जग्गा काण्ड, एनसीएल काण्ड, एयरबस काण्ड, चेज एअर काण्ड, धमिजा काण्ड, लाउडा एअर काण्ड, चाइना साउथवेस्ट काण्ड, नक्कली भुटानी शरणार्थी काण्ड, बालुवाटार जग्गा काण्ड, दूरसञ्चार प्राधिकरणको भ्रष्टाचार काण्ड, सरकारी जग्गा हडप्न खोज्ने झापा काण्ड, लुम्बिनी विकास कोषमा साढे दुई रोपनी जग्गा घुस काण्ड, मेलम्ची भ्रष्टाचार काण्ड, कैलाली टिकापुर नगर विकास समिति अनियमितता काण्ड, सुरक्षण मुद्रण भ्रष्टाचार प्रकरण, पप्पु ठेक्का काण्ड ...'

'ओहो ! यति धेरै काण्डहरू... किन यसो भएको ?'

'सत्तामा पुगेकाहरूले देश र जनताका लागि भन्दा पनि व्यक्तिगत र आफन्त (नातागोता) कै हितका लागि शक्ति र साधनको दुरूपयोग गर्ने प्रवृत्ति नेपालका लागि नयाँ होइन । ऊ त्यो जङ्गबहादुरको परिवारले मात्र १०४ वर्षसम्म प्रधानमन्त्री बनेर राज्य सञ्चालन गर्ने परम्परा चलाएका थिए । वर्तमान समयको पछिल्लो १० वर्षमा मात्र नेपालमा ९ ओटा सरकार बन्यो । झन्डै ४०० जना मन्त्री बने तर नेपालको उल्लेखनीय विकास भएन र नेपालीको जीवनमा सुधार आएन, राज्य संयन्त्रले भ्रष्टाचार मात्र गरिरह्यो ...'

'अनि कतिपय कोठाहरू खाली छन्, त्यहाँ दोषी मानिस हुनुपर्ने होइन र ? किन ?'

'राजदरबार हत्या काण्डलगायत कतिपय काण्ड रहस्यमय छन् – दोषी अझै पनि पत्ता लागेको छैन – पत्ता लगेपछि ती ठाउँ पनि भरिँदै जाने छन् ... ?'

(हाँस्दै) 'कतिपय देशमा त जघन्य अपराधका लागि मृत्युदण्डको व्यवस्था छ । यसरी जेलमा र ग्राममा सुरक्षित गरेर राख्यो भने त, यिनीहरूको सङ्ख्या बढेर पूरै राजधानी ढाक्ने त होइन ?'

'त्यो भविष्यको कुरा हो । अब यो स्मृतिग्राम देखेपछि सत्तामा बस्नेहरूको चेत खुल्छ होला । गल्ती गरे यस्तै हालतमा सबैले देख्ने गरी निर्लज्ज भएर बस्नुपर्ने अवस्था आउँछ भनेर पाठ सिक्ने छन् । पाप गर्नेलाई मार्नु पनि अर्को पाप हो । सायद यसैले गर्दा यहाँ मृत्युदण्डको व्यवस्था छैन ।'

'अनि बिचको घर अचम्मको ५ कुने मन्दिरजस्तो पो छ त ? त्यहाँ पनि मान्छेलाई थुनेको हो ?'

'त्यो मन्दिर नै हो । त्यहाँ मान्छे होइन देवता 'थुनिएका' छन् । पाँच सुरमा पाँच थरीका देवता ! एउटा कुना हिन्दुको, अर्को कुना बुद्धमार्गीको, तेस्रो कुना क्रिस्चियनको, चौथो कुना मुस्लिमका लागि छुट्याइएको छ । पाँचौँ कुना खाली छ । आआफ्ना आस्थाअनुरूप उनीहरूलाई हप्तामा एकपटक त्यहाँ दर्शन गर्ने र प्रार्थना गर्ने छुट छ ।'

'हो र ? दोषीलाई पनि त्यत्रो सुविधा ? अनि कम्युनिस्टहरू पनि मन्दिर जान्छन् ?'

'बिचराहरू सत्तामा हुन्जेल भ्रष्टाचार, हिंसा र लुटपाटमै व्यस्त भए । ईश्वरको खोजी र पापको प्रायश्चित गर्ने समय पाएनन् । अब यहाँबाट आफ्नो घर फर्किने सम्भावना सधैँका लागि सकिएको छ । त्यसैले अन्तरिम जनसरकारले मानवता देखाएर मर्नुअघि त्यो सुविधा

दिएको होला ।
धार्मिक दृष्टिले हेर्दा नेपालका कम्युनिस्टहरू पनि निकै उदार देखिन्छन् । पैसा पायो भने होली-वाइन खान्छन्, मन्त्री पद प्राप्तिका लागि मन्दिरमा बोका चढाउँछन्, भ्रष्टाचार गरेर बनाएको निवासमा पहिलोचोटि प्रवेश गर्दा गोप्य रूपमा स्वस्तिशान्ति गराउँछन् । 'तपाईं त कम्युनिस्ट पो हो किन यसो गर्नु भएको...' भनेर कसैले सोध्यो भने 'त्यो त आ-आफ्नो आस्थाको कुरा हो' भनेर उदारवादी व्याख्या गर्छन् ।'
'नेपालका कम्युनिस्टले कसलाई मान्छन् मार्क्सलाई, लेनिनलाई कि माओलाई ?'
'बजारमा खसीको टाउको देखाएर कुकुरको मासु बेचे झैँ यिनीहरूले पनि गरिब जनतासामु कम्युनिस्ट हुँ भनेर भ्रम फिँजाउन सबैको फोटो टाँस्छन् र यिनीहरू कुनै पनि सिद्धान्त भने मान्दैनन्, काङ्ग्रेस जस्तै जस्तै हुन्छन् । यिनीहरूको मूल सिद्धान्त भनेको जसरी पनि सत्तामा पुग्नु, सत्ताका लागि जोसँग पनि मिल्नु र सत्तामा पुगेपछि राष्ट्रिय सम्पत्ति लुट्नु हो जस्तो देखिएको छ । लोकतान्त्रिक गलगाँडतन्त्र आएपश्चात् तीनओटा पार्टीले पालैपालो सत्ता चलाउँथे । हेर्नुस् त... यहाँ पनि नेताहरू बसेको भित्तामा अझै पनि कसैले बी.पी.को, कसैले मार्क्सको त कसैले माओको फोटो टाँसेका छन् ।'
'अनि भित्र बसेका अपराधीहरूसँग कुरा गर्न मिल्छ ?'
'त्यो सुविधा पनि छ तर त्यसका लागि छुट्टै टिकट किन्नुपर्ने व्यवस्था छ । जे पनि सोध्न मिल्छ । अनलाइन च्याट अलि सस्तो पर्छ - प्रायःजसो अपराधीले सुरुमै अश्लील शब्द प्रयोग गरेर सम्बोधन गर्छन् । त्यसो गरेबापत थप सजाय नहुने भएकोले यिनीहरू जे पनि बोल्छन्/लेख्छन् । गत हप्ता मैले एक जना निवर्तमान प्रधानमन्त्रीको पद सम्हाल्ने अपराधीसँग संवाद गर्ने प्रयास गरेको थिएँ ...'
'तपाईंको प्रश्न के थियो र कस्तो जवाफ पाउनुभयो ?'
'त्यत्रो पद सम्हालेको मानिस पनि यस्तो गोलघरमा ? भनेर के सोधेको मात्र थिएँ, जवाफमा 'सक्छस् भने तँ पनि बसेर देखा...' भनेर नाना थरी गाली बर्सायो ।'
७'×७' को कोठामा रिमोट कन्ट्रोलर नभएको ससानो 'ब्ल्याक एन्ड ह्वाइट टिभी'हरू पनि जडान गरिएका थिए, अपराधीलाई अवगतै थियो कि गरिब जनताको घरमा टिभी त के अझै रेडियोसम्म छैन । सोफियाले संरचना, अपराधी र उनीहरूको अपराधका बारे मनमा उब्जेका विविध जिज्ञासा मेट्दै दिनभरि फोटो र भिडियो रेकर्डिङ गरिरहिन् लगातार २ दिनसम्म । आज स्मृतिग्राम भ्रमणको अन्तिम दिन । अलिकति थाकेकी जस्ती देखिएकी सोफियाले ' आज मेरो उद्देश्य पूरा भएको छ' भन्दै लामो सुस्केरा तानिन् र भनिन्, 'मैले आजसम्म गरेको अध्ययनले के बताउँछ भने यस्तो खालको विशेष संरचना विश्वमा कतै छ जस्तो लाग्दैन । अब विश्वले नेपालबाट धेरै नयाँ कुरा सिक्न सक्छ । मलाई विश्वास छ कि स्मृतिग्रामको अवधारणाले नेपालबाट भ्रष्टाचारको पूरै अन्त्य नभए पनि अधिकतम नियन्त्रण हुने निश्चित छ । मलाई लाग्छ भ्रष्टाचार नियन्त्रण गर्न विश्वले नेपालबाट राम्रो पाठ सिक्ने छ । कस्तो राम्रो सोच ! मलाई राम्रो लाग्यो ! सायद स्मृतिग्राम विश्व राजनीतिक संस्कारमा एउटा नयाँ आयाम हो, नयाँ प्रयोग हो ।
सन्ध्याकालीन खानपानपछि सोफियाले अब नेपालको बसाइ २ हप्ता बाँकी भएको जानकारी दिइन् र हरेक दिनको योजना सुनाइन्, 'दुई दिन त्रिभुवन विश्वविद्यालयमा, एक दिन काठमाडौँ

युनिभर्सिटीमा, एक दिन पोखरामा, एक दिन दोलखामा ...'

*** *** ***

अन्तिम दिन दरबारमार्गको एउटा क्याफेमा बसेर कफीको चुस्की लिँदै सोफियासँग गरिएको वार्तालाप हरिका लागि अविस्मरणीय रह्यो ।

'ह्यारी, एउटा कुरा सोध्न बिर्सेछु, तिमी एक्लै छौ कि तिम्रो परिवार पनि छ ?'

'ल अन्दाज लगाऊ, मिलायौ भने तिमीलाई अर्कोपटक मेरै खर्चमा मुस्ताङ र कालिन्चोक घुमाउन लैजान्छु ।'

'मलाई लाग्छ, तिम्री श्रीमती छैन ।'

(एकै क्षणको मौनता पछि) 'मिलेन ।'

(आफ्नो निधारमा दाहिने हातले स्पर्श गर्दै) 'हे ईश्वर !'

'अनि तिम्रो ?'

'ल अन्दाज लगाऊ ।'

'मलाई त तिमी एक्लीजस्ती लाग्छ्यौ ।'

'कसरी थाहा भयो ?'

'मलाई त तिम्रो पहिलो प्रश्नले सङ्केत गऱ्यो र तिम्रो साहिँली औँलामा औँठी पनि छैन ।'

'हो, तर तिमीले सही बोल्दै छौ... ठिक छ – अर्कोचोटि म नेपाल आउँदा एउटा चलचित्र बनाउने योजनाबारे तिमीलाई सुनाइसकेकी छु । एउटा भूमिकामा तिमीलाई खेलाउने रहर छ जुन कुरा वास्तविक जीवनमा सम्भव भएन, त्यही कुरा चलचित्रमा सम्भव होला नि ! (एउटा आँखा झिम्क्याउँदै) कि कसो ह्यारी ?'

(अलि गम्भीर र किंकर्तव्यविमुढ मनस्थिति देखाउँदै) 'ठिक छ, सोच्ने समय पनि छ, अहिले नै केको चिन्ता ?'

(घडी हेर्दै) 'ओहो ! एयरपोर्ट जाने बेला पो भइसकेछ !'

बिदाइको क्षण हरिले सोफियालाई चिटिक्क परेको बुद्धको सानो मूर्ति र गुलाफको बुकी दियो । सोफियाले पनि हरिलाई 'हग' गरिन् र चाँडै नै सम्पर्क गर्ने वाचा गरिन् । हेर्दाहेर्दै कतार एयरवेजको जहाज काठमाडौँको आकाश चुम्दै बादलभित्र हरायो ।

दुई हप्ते रमितापछि एक्कासि जीवन शून्य शून्य महसुस गर्न थाल्यो हरिले ! सरासर घर जाने मनस्थितिमा छैन ऊ । त्यसैले नजिकको मित्रलाई भेट्न नयाँ बानेश्वरतिर हुँइकियो र सिधै म कहाँ आयो ।


## पुस्तकालयलाई सूचना

प्रत्येक महिना हामीलाई उपलब्ध भएसम्मका पुस्तकालयको हुलाकी ठेगानामा शब्दाङ्कुरलाई निःशुल्क पठाउने गरेका छौं । यसरी पठाइएका पत्रिका प्राप्त भएका पुस्तकालयले कृपया प्राप्तिको सूचना दिनुभए यस कार्यलाई निरन्तरता दिन सहज हुने थियो । साथै **शब्दाङ्कुर** प्राप्त गर्न चाहने पुस्तकालयले हुलाकी ठेगाना उपलब्ध गराए निःशुल्क रूपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्छौं ।

**शब्दाङ्कुर परिवार**

कथा



# सुशीला

प्रह्लाद दवाडी

'हलो आमा...'

'ए छोरी ! ठिकै छेस् ? आमामामामा, कति राम्री भइछे हेर गहना पनि कति बेसी लगाएकी कति सुहाएको !'

'हा हा हा, यत्रो दुःख गरेर काम गरेपछि मोजमस्ती गर्नु परेन त । गर्न मन ला' कुरा, लाउन मन ला' कुरा, खान मन ला' कुरा पैसा र बैंस हुँदै गर्नुपर्ने हो क्या आमा ।'

'लु लु छोरी, खुसी गर, खुसी रहनू, राम्रोसँग बस्नू, भगवान्‌ले र'छे गरून् ।'

....................

'आज मात्र हो आमाले मेसेन्जर कल उठाउनुभा'को । म कत्ति कोसिस गर्छु, गफै हुँदैन ।'

'म त जान्दिनँ नि त के हो भिडियो कल, के हो मेसेस ।'

'ल आमा, फेरि फोन हानुम्ला, अहिले मेरो डुटी जाने टाइम भयो क्या ।'

छोरीको फोनले खुसीको सीमा रहेन । मनमती उफ्रिँदै गएर पल्लो घरे धनमात्तीलाई एकै सासमा सुनाउँछे ।

'छोरीले फोन गरिरथी, राम्रो नोकरी पाइछे । स्कुलमा डानस सिकाउँछे रे, पार्लरमा ट्रेनिङ गराउँछे रे, बुन्न सिकाउँछे रे ।'

धनमात्तीले लेग्रो तानिन, 'ए हो र... !'

'दश वर्षबादमा आज भिडिओ कल गरी, बल्ली भै'छे, मलाई पनि पाल्छु भन्दै थिई ।'

छसात महिना बिते । एक दिन मनमतीले डाँडाघरे साइँलालाई बोलाएर एक हजार रूपियाँ सापट मागिन् र एउटा ब्याङ्कको नम्बरमा हालिमागिन् छोरीलाई डाक्टर देखाउने भन्दै । तेती नै बेला, मनमतीलाई फोन आयो, 'आमा ! नानीलाई दुध खुवाउने पैसा छैन, पाँच सय रूपियाँ पनि हालिदिनू ल ।'

'हन छोरीले फेरि बिहे गरी ? कहाँ छे आजकल ?'

'एता बस्न सकिनँ । गरी नि उतै, काठमाडौँको श्रेष्ठ बाहुनसँग । बजारमै ठुलो घर छ रे ।'

'उसको टुर भइरहन्छ, ठुलो बिजनेस छ । गुवाहाटी, कास्मिर, बम्बई सबै घुमिसकी ।'

'अनि पहिलाको जुवाइँ, छोरो नि ?'

'त्यहाँ उसलाई बस्न मन परेन रे, बस्तीको घर, रूपियाँपैसाको पनि दुःख, गाई, खेती, सासूससुरा हेर्नुपर्ने, अलिक रूच्चाइन उसले । अहिले त कस्तो मज्जा छ, सुख छ । भक्कु पोइसा कमाउँछे, खाली हावाजमा मात्रै हिँड्छे ।'

'ए मज्जा र'छ ।'

मातृहृदय सन्तानका लागि कस्तो निर्मल हुन्छ भन्ने कुराको अनुमान लगाउन थाल्यो उसले । सुमनले छ महिनाको छोरो छोडेर श्रीमती हिँडेदेखि एक कोरी साल बितिसक्दा समेत पत्नी

फर्केर आउने आशमा दोस्रो बिहे गरेन । भेटेर ल्याउँछु भन्ने लागेर निकै चनाखो बस्दा पनि आसेङको छोरो कान्छाकामा तीन दिन बसेर कता गई, उसले सुनेको छैन । फेरि बिहे गरी रे, एउटा अर्को छोरो पाई रे, बाउको टुङ्गो छैन रे भन्ने हल्ला चलेको मात्र हो कि भनेर पत्यार लगाएन । एता घरमा बाउआमाले बिहे गरेर बुहारी ले भनेर घच्घच्याइरहन्छन् ।

'सुमन, हामी पनि डाँडाको घाम हुन लाग्यौँ, एक्लै कति दिन बस्छस्, दुःखबिमार हुँदा साथी पनि चाहिन्छ । खुट्टा भए जुत्ता जत्ति पाइन्छ, उडेकी चरी पर्खेर के बस्छस्, कति दिन बस्छस् अरू केटी भेट्दैनस् ? नामर्दजस्तो । फल पनि समयमै खाएको राम्रो, बयलले पछि के स्वाद ।'

'आ, कत्ति कराको हौ, वियोगले परीक्षा सकेपछि खोज्न पठाउँछु तेस्की आमा ।'

सुमनले छोरालाई मावली घरतिर गएर आमाको सुइँको पत्ता लगाएर खोजेर आइज् एकचोटि भनेर पठायो ।

एक दिन वियोग घर आइपुग्यो तर एक्लै । अलिक हाउभाउ बदलिए जस्तो । आमा त भेट्यो रे तर आउन मानिनन् रे भन्ने खबर ल्यायो ।

बाउले खेरेर सोधे, 'साँचो भन् त छोरा ।'

वियोग, 'सहरको एक कुनामा अचानक भेटेँ, तेती बेला त चिनजान भएन, भरे गफ गर्दै जाँदा त आमाको नाम फेरेको रहेछ । मलाई त बहिनीको छोरा भनेर चिनाउनुभयो साथीहरूसँग ।'

छोराको कुराले सुमनको हुटहुटी बढ्यो ।

'घरी भेटिनँ भन्छ, घरी के भन्छ । आजकलका केटाको कुराको विश्वासै हुँदैन । तँ यहाँ घरमा बाआमाको हेरचाह गर्, म आफै खोज्न जान्छु । जसरी भए पनि खोजेर लिएर आउँछु ।'

रात्रिबसबाट ओर्लिएर मधेसको बाटो मज्जा मान्दै श्रीमतीको ठेगानातर्फ लाग्यो । लगभग २५ वर्ष बादमा भेट हुने भो, चिन्छे कि चिन्दिन भन्दै दिउँसोको ११ बजीतिर सुमन ढोका ढक्ढ्याउन पुग्छ ।

'ढोका ढप्क्याएको मात्र हो, ठेलेर खोलेर आउनुहोस् न ।'

मिठो स्वरमा भित्रबाट निमन्त्रण आउँदा सुमनको मुटुमा हर्षको ज्वारभाटा उठ्यो, जूनकै छेउमा पुगे जस्तो । मन गुलियो अमिलो कस्तो कस्तो बनाउँदै ऊ भित्र पस्यो ।

'सुशीला, म तिमीलाई लिन आएको ।'

'तपाईं को हो अनि मेरो नाम चैँ सुशीला भनेर कसले भन्यो ?'

'हेर न मोरीले नचिनेकी ! रातदिन सम्झिरहने आफ्नी बुढीको नाम पनि बिर्सिन्छु त अनि ।'

'अनि कसरी पत्ता पाउनुभयो यहाँ ?'

'जहाँ इच्छा त्यहाँ उपाय ।'

'कुन्नि, थाहा छैन ।'

'अस्ति हाम्रो छोरोलाई पनि पठाएको थिएँ त भेट्न ।'

'अहँ ! मलाई थाहा छैन । ग्राहकको रूपमा भेट्यो होला । त्यस्ता कति आउँछन् कति जान्छन् हिसाब हुँदैन । म आफ्नो काममा केवल पैसा चिन्छु, मान्छे चिन्दिनँ । सरोकार पनि राख्दिनँ ।

'तिमीले अर्को बिहे गरेउ रे, नानी छ रे भनेको पनि सुनेको तर मेरो मन.... ''यो मेरो निजी मामला हो ।'

'हेर सुशीला, मेरो सानै भए पनि सरकारी नोकरी हो, खानलाउन पुग्छ । तिमीले छोडेर हिँडे

यता तिमीलाई कुरेर बसिरा'को छु । अर्को छोरो छ भने पनि आपत्ति छैन, लिएरै जाऊँ । यहाँ बुढेसकालमा दु:ख पाउँछौ होला । तिमीलाई लिन आएको, हिँड मेरो घर जाऊँ सुशीला ।'

'मान्छेको मन यति अस्थिर हुन्छ कि पल पलको परिस्थितिसँग बदलिन्छ र गाडेघाउ पनि बदलिन्छ । मलाई लान सक्दैनौ होला । तिमीलाई अहिले मेरो सबै कुरा थाहा छैन । पछि गएर तिरस्कृत पनि हुन सक्छ । मेरो कुरा ध्यान दिएर सुन । सत्य स्विकार्न सक्नुपर्छ । मलाई स्विकार्ने कि नस्विकार्ने र मलाई फिर्ता लाने कि नलाने भनेर तिमी आफै दरो मुटु गरेर निर्णय गर । सत्य सुन्छौ भने... '

सुमन खुसीले गदगद हुँदै फ्याट्ट बोल्यो, 'मैले बिहे गरेर भित्र्याएको तिमीलाई । हाम्रो छोरो कलेज जान्छ । तिम्रो छोरो छ भने पनि पढाउँला । बाउआमासँग बस्दिनौ भने अलग्गै भान्सा गरेर भए पनि राख्छु । तिमीलाई एतरो वर्ष पर्खेर लिन भनेर आएको, कस्तो कुरा गरेकी ? त्यो जाबो के कुरा होला त । छिटो भन न सुशीला ।'

'म सुशीला रहिनँ । म दुशिला भइसकेकी छु ! म गाँउमा तिम्रो पत्नी भएर बस्न सक्दिनँ ।'

सुमनले आफूलाई सम्हाल्दै भन्यो, 'तिम्रो यो मन, यौवन र तनमा बल रहुन्जेल त होला । त्यसपछिको के सोचेकी छौ ?'

'पछिको कुरा पछि नै समय आएपछि सोचौँला । अहिले तिमी आफ्नो घर जाऊ, मेरो नाम नजपी तिमी आफ्नो बारेमा सोच, जति बेला मलाई खाँचो पर्छ त्यति बेला विचार गर्छु ।'

सुशीलाका कुरा सुनेर मन खिन्न बनाउँदै सुमन घर फर्कियो ।

(premneopaney222@gmail.com)



# गीत



**सुमन थापा 'सङ्गम'**

आकार अनेक जूनको लिई तिमी त्यतै कतै छ्यौ कि ?
बादलसँगै उडी हिँड्दै त्यतै कतै झरिछ्यौ कि ?

देह टाढा भए पनि मन छ तिम्रै वरिपरि
वरपिपलको चौतारीझैँ सँगै छ्यौ मनकी चरी
काँडाबिच फूल बनी त्यतै कतै फुलिछ्यौ कि ?
बादलसँगै उडी हिँड्दै त्यतै कतै झरिछ्यौ कि ?

जहाँ छ्यौ बोलाऊ भन्दै तिम्रै यादमा तड्पिरा'छु
तिमी हिँड्ने दोबाटोको खोजी गर्दै भड्किरा'छु
आउन् सारा यादहरू त्यतै कतै बसिछ्यौ कि ?
बादलसँगै उडी हिँड्दै त्यतै कतै झरिछ्यौ कि ?

(sangamsuman58@gmail.com)

हास्यव्यङ्ग्य

# समीक्षा बैठक



राम विनय

बैठकको सूचना आयो । उसले पनि समयमै बैठकमा पुग्ने सोच बनायो । बैठकको समयभन्दा ठिक १० मिनेटअगाडि ऊ त्यहाँ पुग्यो अर्थात् बैठकस्थलमा ।

ऊ त्यहाँ पुग्दा एक जना रखबारेबाहेक अरू कोही आएका थिएनन् । रखबारे पनि भरखरै आएको रहेछ । ऊ बैठककोठाको मूलढोका खोलेर झ्यालहरू उघारिरहेको थियो । उसलाई देख्नासाथ रखबारेले मुख खोलिहाल्यो, 'तपाई निकै छिटो आउनुभयो नि त कविजी ?'

कविजीले भित्ताको घडी हेरेर भन्यो, 'बैठककोठाको त्यो भित्तेघडी ढिलो छ ।'

उसले आफ्नो घडी हेरेर भन्यो, 'मेरो घडीको समय रेडियो नेपालसँग ठ्याक्कै मिल्छ ।'

'त्यो भित्ताको घडी ढिलो छ, त्यसलाई मिलाउनुहोस् रखबारेजी । समयको महत्त्व ठुलो छ ।'

रखबारे केही बोलेन र उसले भनेका कुरालाई वास्ता पनि गरेन ।

तर रखबारे मनमनै भन्दै थियो, 'खै, मलाई कसैले केही भनेकै छैन घडीको समय मिलेको छैन भनेर । मैले त्यसलाई मिलाएँ भने मलाई ठालुहरूले तँ किन बाठो भइस् हँ ? भन्ने छन् । त्यही भएर मैले वास्ता गरेको छैन चाहे त्यो घडीको सुई ढिलो चलोस् वा छिटो चलोस् । ढिलो होस् कि छिटो होस् ।

महिना सकिएपछि भित्ते क्यालेन्डर पल्टाएर मिलाउने काम मैले गरेको छैनँ । मलाई कसैले जस दिँदैनन् । बेकारमा मैले किन टाउको दुखाउने ? म त आजको कामलाई सधैँ भोलि भन्ने मान्छे । मलाई कोही कसैको के मतलब ?'

रखबारेले कविजीको अनुहार पुलुक्क हेऱ्यो र ङिच्च हाँस्यो ।

केही बेरपछि मानिसहरू बैठककोठामा बिस्तारै ओइरिन थाले । संयोजक आए । मेनेजर आए । सभापति आए र त्यसपछि अरूहरू पनि बिस्तारै आए । सबैले सबैलाई नमस्कार ठोके ।

एक छिनपछि मेनेजरले दराजबाट बैठकको निर्णय पुस्तिका निकाले । बैठकको समय तोकिएकोभन्दा ४५ मिनेट ढिलो भइसकेको थियो । मेनेजरले भने, 'लौ अहिलेको समयानुसार तपाईंहरू सबैलाई म नमस्कार ठोक्छु है । स्वीकार गर्नुहोला । अब हामीले बैठक थालौँ है, सभापतिज्यू ?'

'ल अब सबभन्दा पहिले हामी सबैले शान्तिका लागि एक मिनेट चुपचाप उभौँ ।'

सबै एक मिनेट चुपचाप उभिए अर्थात् चुपचाप उभिएर औपचारिकता पूरा गरे ।

मेनेजरले भन्यो, 'बैठक गर्दा हामीले पालन गर्नुपर्ने केही नियम (आचारसंहिता) का बारेमा एउटा प्रस्ताव तयार पारेर ल्याएको छु । त्यसबमोजिम बैठक गर्दा हामी सबैलाई काइदाको फाइदा हुन्छ भन्ने लागेको छ । त्यसलाई बैठकबाट पारित गर्न पेस गरौँ है सभापतिज्यू ?'

सभापति तत्कालै कराए, 'ल ल, छिटो गर । मलाई अन्त जानु छ । बैठक छिटो सक्नुपर्छ ।'

मेनेजरले भन्यो, 'सभापतिजी, नआत्तिनुस् न भन्या । आजको बैठक निकै महत्त्वपूर्ण छ ।

बैठकमा आचारसंहिताको प्रस्ताव पारित गर्नुपर्छ । प्रस्ताव सुन्नुहोस् है त । यसप्रकार छ :

१. बैठकमा उपस्थित हुनुपर्ने सबै पदाधिकारी, सल्लाहकार, आमन्त्रितहरू ठिक समयमा आउने र नमस्कार ठोक्ने तथा आआफ्नो ठाउँमा गएर चुपचाप बस्ने ।
२. बैठकमा शान्ति होस् कि नहोस् शान्तिको लागि भनेर एक मिनेट चुपचाप उभिने ।
३. सभापतिले सभापतित्व गर्ने र आफ्नो कुर्चीमा बसेर प्रस्तावका बारेमा शक्ति प्रयोग गरेर हुकुमी शासनको कुरा छम्कने अर्थात् जारी गर्ने । अघिल्लो कार्यक्रमलाई सम्झेर समीक्षा गर्ने । उध्रिएका कुराहरूलाई सिलाएर मिलाउने अर्थात् सिउने । आगामी कार्यक्रमलाई कसरी चलाउने भनेर खाका कोर्ने अर्थात् कार्यसूची ठिकसँग मिलाउने ।
४. सभापति बैठकको मियो बन्ने । सबैलाई आलोपालो गरेर बैठकको मियोको वरपर घुमेर बोल्न लगाउने । बैठकको बेलामा आपसमा खासखुस नगर्ने । माछाबजारमा जस्तो होहल्ला पनि नगर्ने ।
५. गत कार्यक्रमका बारेमा समीक्षा गर्दा कहाँ कहाँ प्वाल परेको छ पत्ता लगाउने र त्यो प्वाललाई कसरी सिलाएर टाल्ने भनेर सबैले पालैपालो आआफ्नो कामकुरा र तरिकाहरू सुनाउने ।
६. सभापति र मेनेजरले पनि आआफ्नो कुरा राखेर कहाँ कहाँ प्वाल परेको रहेछ त्यो यकिन गरेर अब त्यसलाई कसरी टाल्ने हो अथवा सिलाएर मिलाउने हो कि च्यातेर फाल्ने हो भनेर उदाहरणसहित समीक्षा बैठकको निचोड (निष्कर्ष) निकाल्ने ।
७. आगामी कार्यक्रमको कार्यसूची सबैलाई सुनाएर सोको बारेमा बैठकमा गड्गडाहट ताली बजाएर पारित गराउने ।

प्रस्तावमा सभापतिले प्याच्च मुख खोले, 'यो त हामीले सधैँ गरिराखेकै हो । यसलाई लेखेर राख्नु राम्रो हो । मेनेजरजीलाई धन्यवाद छ । ल यो प्रस्तावलाई ताली ठोकेर पारित गरौँ ।'

त्यहाँ चुपचाप बसेका सबैले ताली ठोकेर प्रस्तावलाई पारित गरे ।

त्यसपछि तिनीहरूले गएको कार्यक्रमको समीक्षा सुरु गरे ।

केहीले भने, 'राम्रो भयो । साह्रै राम्रो भयो । यसमा मेरो भन्नु केही छैन ।'

त्यतिकै बेलामा सभापतिको टेबुलमा फोनको घण्टी बज्यो । ऊ ठुलो ठुलो स्वरले कुरा गर्न थाल्यो ।

समीक्षा बैठकतिर उसको ध्यान गएन । ऊ फोनमा कुरा गर्दै गर्दा केही सहभागी आपसमा खासखुस गर्दै थिए । त्यहाँ बोल्नेहरू बोलिरहेका थिए, नबोल्नेहरू 'चुपचाप–सहीछाप' गरिरहेका थिए । कोही होहल्ला गरिरहेका थिए । त्यहाँ जे जस्तो भए पनि समीक्षा बैठक भने चलिरहेकै थियो । अरूले मुख नखोले पनि एक जना सहभागी शिष्टजीले निकै जोसिएर मुख खोले, 'खै मलाई त त्यो पण्डितको बोली र व्यवहार ठिक लागेन । कसैले केही कुरा सोद्धा पनि झन्झट मान्ने, कसैले केही सोध्यो भने हियाएर बोल्ने, कुरा पनि अन्टसन्ट गर्ने । के खालको पण्डित हो ? म त जिल्ल परेँ । किनभने उसले वेदान्तको अर्थ पनि अर्थ न बर्थसँग गरे । वेदभन्दा पनि अन्त अन्तको कुरा ल्याएर वेदान्तको अर्थ यही हो भने जस्तो पो गर्‍यो त । वेदभन्दा अन्तको कुरा कसरी वेदान्त हुन्छ ? यस्ता पण्डितलाई हामीले के के विषयमा ध्यान केन्द्रित गरेर बोल्ने हो भन्नेबारे स्पष्ट रूपमा नभनेको जस्तो पो लाग्यो । त्यस्तालाई मनपरी

बोल्न दिएर खै के भयो त भन्ने मलाई लाग्यो ।'

चुपचाप बसेर शिष्टजीको कुरा सुन्नेहरूले त्यसैमा सहीछाप ठोके । सबैले उसको कुरालाई मनासिब मनासिब भनेर मुख खोलेर बोले । संयोजक पनि के कम ! उसले पनि मुख खोल्यो, 'त्यो पण्डित अलि अलि ठट्टा गर्ने खालको छ । उसको बानी त्यस्तै छ । त्यसैले वेदान्तको कुरा कसैलाई थाहा छैन भन्ठानेर त्यस्तो अन्टसन्ट कुरा गरेको होला । तर शिष्टजीले कुरा समाइहाल्नुभयो । धन्यवाद छ शिष्टजीलाई हामी सबै चुपचाप सुनेर बस्नेलाई सचेत गराउनुभएकोमा ।'

चुपचाप बसेकाहरू सबैले मुख खोलेर 'हो हो, त्यसै हो' भने ।

त्यसैबेला सभापतिले फोनमा कुरा सकेछ क्यारे । मुख खोले, 'म अन्त बैठकमा जानु छ । हतार छ । कामको लतारपतार छ ।'

उनी उठेर गए । अरूहरू सबै जिल्ल परेर चुपचाप रहे । त्यसपछि अरूहरूले पनि 'मलाई पनि हतार छ' भनेर एक एक गरेर चुपचाप उठेर जान थाले । मेनेजर करायो, 'एक छिन, एक छिन ।' यसो भनेर निर्णय पुस्तिकामा दस्तखत धस्काउन लगायो ।

अन्तमा भन्यो, 'आगामी कार्यक्रम साबिकबमोजिम गर्ने भनेर सभापतिबाट हुकुमप्रमाङ्गी भएको छ । तपाईहरू सबैलाई याद रहोस् है महोदयहरू ।'

मेनेजरले आफ्नो मनको बह पोख्यो, 'मैले त्यत्रो मेहनत गरेर आचारसंहिता बनाएर ल्याएँ । पालन नै भएन भन्या । के गर्ने गर्ने ?'

कविजीले मेनेजरतिर फर्केर भन्यो, 'आजको बैठक त गजपको भयो नि मेनेजरजी । कसो ?' उसले कविजीको अनुहार ट्वाल्ल परेर हेर्‍यो र ङिच्च हाँस्यो । रखबारेले पनि मुख ङिच्च पारेर चुपचाप झ्यालढोकाहरू लगाउन थाल्यो । त्यहाँ बाँकी भएका भएभरका सबै समीक्षा बैठक सकेर चुपचाप आआफ्नो बाटो लागे । बैठकघरले पनि आज खै किन हो कुन्नि ! सबैलाई चुपचाप हेरेर मुस्कुराइरह्यो ।

(२०८३ असार ७)

## हार्दिक समवेदना र श्रद्धाञ्जली



**नेपाली र मैथिली भाषा, साहित्य एवम् संस्कृतिका साधक डा. राजेन्द्र विमलको ७९ वर्षको उमेरमा असामयिक निधन भएकोमा शोक सन्तप्त परिवार जनमा हार्दिक समवेदना प्रकट गर्दै स्वर्गीय आत्माको चिरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ ।**

**शब्दाङ्कुर परिवार**

नियात्रा

# साइकल सरर्र



लक्ष्मीकृष्ण श्रेष्ठ

'यो शनिवार तेह्रथुम जाने ।' नवीन दाइको अप्रत्याशित प्रस्ताव आयो । हामीले प्रायः शनिवार साइकलमा धरानबाट दिनभरिमा घुमेर फर्कन सकिने ४० देखि ८० किलोमिटरसम्मको यात्रा तय गर्ने गरेका छौँ । यस क्रममा विष्णुपादुका, बराहक्षेत्र, रामधुनी, कोसीटप्पु, मोरङको केराबारी, तरहरा पश्चिमका सिमसारहरू पुग्ने गरेका छौँ । धरानको उखरमाउलो गर्मीबाट एक्कासि तेह्रथुमको शीतल वातावरणको कल्पनाले पनि हामीलाई रोमाञ्चित बनायो । तर जाने कसरी ? 'वसन्तपुरसम्म गाडीमा जानुपर्छ । त्यहाँबाट साइकलमा तेह्रथुम । त्यही दिन फर्केर वसन्तपुरमा बास अनि भोलिपल्ट साइकलमै धरान ।' विनयलाल सरले कार्यक्रम बताउँदै गर्दा उमेरले झन्डै सत्तरी वर्ष पुग्नै लाग्नुभएका तर हामीभन्दा धेरै फुर्तिला दुर्गा सरले पनि समर्थन जनाउनुभयो । योजनाअनुरूप हामी चार जना शनिवार बिहान साढे पाँच बजे भानुचोकमा आआफ्नो साइकलसहित इभी गाडीमा चढ्यौँ । धरानबाट उकालो चढ्नेबित्तिकै चिसो मौसमले स्वागत गर्न थाल्यो । भेडेटार, तमोर, धनकुटा, हिले हुँदै वसन्तपुर पुग्दा बिहानको ९:०० बजिसकेछ । गाडीबाट साइकल ओराल्दै खाजा खाएर लाग्यौँ हामी चार जनाको समूह तेह्रथुमतर्फ ।

म साथीहरूका साथ ३७ वर्षअघि मित्र चन्दन अमात्यको विवाहमा वसन्तपुरबाट पैदलै तेह्रथुम गएको थिएँ । त्यतिबेला वसन्तपुरसम्म मात्र मोटरको बाटो पुगेको थियो । लसुनेसम्म तेर्सो, उकालोओरालो पार गरेर जिरीखिम्ती हुँदै तेह्रथुम पुगेका थियौँ । २०४५ सालको भुइँचालोले लडेका घरहरू बिस्तारै उठ्दै गरेको, चिटिक्क परेको बजार थियो तेह्रथुम । यसपटक वैशाखको अन्तिम शनिवार वसन्तपुरबाट थोरै उकालोओरालो हुँदै हाम्रो यात्रा सुरु भयो । वसन्तपुरदेखि तेह्रथुम सदरमुकाम म्याङलुङसम्मको दूरी २६ कि.मि. हो । पहिलेको वसन्तपुर गाविस पाँच स्थानीय निकायसँग मिलेर २०७१ सालदेखि लालीगुँरास नगरपालिका भइसकेछ । वसन्तपुर लालीगुराँसका लागि प्रसिद्ध छ । चैतवैशाखमा गुराँस हेर्न आउनेको भिड थामिनसक्नु हुन्छ । त्यसै गरी ६ स्थानीय निकाय मिलेर म्याङलुङ नगरपालिका भएको रहेछ । पिंगुवा खोलाले सिमाना छुट्याउँदो रहेछ यी दुई नगरपालिकाको ।

वसन्तपुरबाट हिँड्न थालेपछि सबैभन्दा पहिला यहाँको हरियालीले स्वागत गऱ्यो । माथितिर हरियो चरण, कतै बुकी फूल, तलतिर बादलले लुकामारी खेल्दै कहिले खुल्दै कहिले लुक्दै गरेको गाउँ, पहाडमा साइकल कुदाउँदै गरेका हामी मनुवा देखेर होला आश्चर्यमिश्रित मुस्कान छर्दै गरेका बालबालिका, तन्नेरी हाम्रा लागि प्रिय थिए । लसुने पुग्ने बेलामा बारीमा तरकारी गोडमेल गरिरहेका युवायुवतीलाई देख्यौँ । उनीहरूले हात हल्लाउँदै अभिभावदन गरे । हामी पनि हात हल्लाउँदै अगि बढ्यौँ । कतै असारमा रोप्न ठिक्क पार्दै गरेका धानका हरिया ब्याड देखिए । यहाँका किसानले खेतीकिसानी गरेकै कारण त हो नि हामी सहरियाले अघाउन्जेल खान पाएका । पिंगुवा खोला कटेपछि एउटा घरेलु उद्योग देख्यौँ । किसानहरू दुध लिएर

आउँदै थिए । ठुलो भाँडामा दुध तात्दै थियो । माथि छुर्पी सुकाइएका थिए । ती छुर्पी त कुकुरको आहारका लागि तयार पारिएको रहेछ र विदेश निर्यात हुँदा रहेछन् ।

भेटिएका स्थानीयसँग भलाकुसारी गर्दै जिरीखिम्ती छिचोलेर म्याङ्लुङ पुग्न हामीलाई साइकलमा करिब दुई घन्टा लाग्यो । जिरीखिम्ती बजार पूरै फेरिएछ । म्याङलुङ बजार छिर्नेबित्तिकै बिरालोको सालिकले स्वागत गर्‍यो । लिम्बू भाषामा म्याउँको अर्थ बिरालो र लुङको अर्थ ढुङ्गो हुन्छ । एउटा रोचक कथाअनुसार एकपटक दुई जना भरियाले भात पकाएर खानका लागि चम्को बनाउन ढुङ्गो खोजेर ल्याएछ । भात पाक्दै गर्दा एउटा ढुङ्गो काम्न थालेछ । आगाको रापसँगै तातिएर त्यो ढुङ्गो लडेछ, खाना पोखिएछ, रिसले त्यो ढुङ्गो काट्न खोज्दा म्याउँ आवाजसँगै त्यसबाट रगत आएछ । गाउँलेलाई सुनाएपछि त्यस ढुङ्गालाई पूजा गर्न थालिएछ । कालान्तरमा त्यसैलाई मेयलुङ देवीस्थानका रूपमा पुज्ने गरिएको पाइन्छ । के.बी. खनालका अनुसार धेरै अघि यस ठाउँमा १७ वटा थुम (पहाडको चुचुरो) रहेकोमा प्रशासनिक सुविधाका लागि वि.सं. १९५२ मा १३ वटा थुम अलग्याई मालपोत सङ्कलन गर्ने उद्देश्यले छुट्टै प्रशासनिक एकाइ स्थापना गरियो जसलाई तेह्रथुम भनियो । २०१८ सालमा ७५ वटा जिल्ला घोषित हुँदा यो पनि एउटा जिल्ला बन्यो ।

बजार क्षेत्रमा प्रवेश गरेपछि महसुस भयो, मैले ३७ वर्षअघि देखेको म्याङलुङ बजारको त नामोनिसान छैन । पुरानो कुनै घर छैन, सबै नयाँ । स्थानीय रमेश जोशीका अनुसार एकपटक म्याङलुङ बजारमा ठुलो आगलागी भयो । त्यसपछि बजारमा सिमेन्ट, रड र इँटाका पक्की घरहरू बने । बजारमा ठुलो ढाकाको कपडा पसल देखियो, जहाँ नेपालीपनका टोपी, बर्को र थुप्रै पहिरन विक्रीका राखिएका थिए । झन् टुँडिखेलमा ढाका कपडा बुन्दै गरेकी महिलाको स्तम्भले तानसेन, पाल्पापछि तेह्रथुम ढाका कपडाका लागि प्रसिद्ध बन्दै गरेको प्रमाणका रूपमा लिन सकिन्थ्यो ।

खाना खाइसकेपछि बजारमा म्याङलुङ नगरपालिकाका मेयर सञ्जयकुमार तुम्बाहाम्फेसँग भेट भयो । उहाँसँग केही क्षण कुराकानीपश्चात् करिब २:०० बजेतिर हामी फर्क्यौँ वसन्तपुरतिर । फर्कंदा धेरै उकालो र बिचमा पानी परेका कारण हामीलाई वसन्तपुर पुग्न साढे तीन घण्टा लाग्यो । वसन्तपुर बजारदेखि तलतिर चोत्लुङ पार्क छ । लिम्बू, धर्म र संस्कृतिअनुरूपका घर तथा अन्य सम्पदालाई सुरक्षित गरिएकाले पुग्नै पर्ने पार्क रहेछ । त्यहाँबाट वरिपरिको मनोरम दृश्य अवलोकन गर्दा झनै आनन्द आउँछ । सबै जना पहिले नै पुगिसकिएको र साँझ पनि पर्न लागेकाले यसपटक नजाने सल्लाह भयो । लालीगराँसको राजधानी वसन्तपुरमा यसपटकको गुराँस फुल्ने समय सकिसकेको थियो । त्यसैले अर्कोपटक वैशाखको सुरुमै आउने सल्लाह भयो । समय अभावकै कारण लालीगुराँस नगरपालिकाका प्रमुख अर्जुन माबुहाङसँग पनि भेट हुन पाएन । भोलिपल्टको यात्रा सहज होस् भन्ने सोचेर नुनथलाको उकालो छिचोल्दै चित्रे भएर धनकुटा जिल्लामा पर्ने सिँधुवा पुगेर बास बस्यौँ । बिहान उठेपछि देखियो, तेह्रथुम जिल्लामा पर्ने शुक्रबारेतिर जाने मोटर बाटो । आसाम, भारतमा जन्मेका लीलबहादुर छेत्रीको पुर्ख्यौली थलो यही शुक्रबारे थियो । दोस्रो विश्वयुद्धको तनावका बेला तत्कालीन अङ्ग्रेजका सिपाही बुबाले उनलाई यहीँ शुक्रबारेमा ल्याएका थिए । यहीँ उनको बाल्यकाल बित्यो । पछि १०-१२ वर्षको उमेरमा उनी आसाम गए । एकपटक आसामतिर भेटिएका दुई नेपाली युवालाई

देखेर उनीहरूको गन्तव्यका बारेमा जिज्ञासा राख्दा 'यता उँधो हाउ, आरा काट्नु पो हिँडेको हौ हामी त' भन्ने उत्तरले उनलाई बसाइँ उपन्यास लेख्न प्रेरित गऱ्यो । **बसाइँ** उपन्यासमा उनले यतै शुक्रबारेतिर देखेसुनेको समाज, संस्कृति, भाषा, रहनसहन, विश्वासलाई प्रस्तुत गरेका छन् । **बसाइँ**का धनबहादुर सङ्घर्ष गर्दागर्दै साहुमहाजनको जालोमा परेपछि घरखेत साहुलाई बुझाएर बसाइँ हिँड्छ । **बसाइँ** उपन्यासका धने अर्थात् धनबहादुर मात्र होइन, उसको सम्पत्तिमा आँखा गाड्ने बैदार बुढा, नन्दे ढकाल, आफू गरिब भए पनि साहुमहाजनको पक्षमा लागेर आफ्नै सवर्गीय धनेमाथि नुनचुक छर्ने दोबाटे साहिँलो, धनेलाई जस्तै दुःखमा पनि साथ दिने पत्नी मैना, सहरको झिलिमिली देखाइदिन्छु भन्दै रिकुटेले फकाउँदा फकिने झुमा वा झुमालाई लिएर बसाइँ हिँड्ने मोटे कार्कीलाई लीलबहादुरले यतै भेटेको हुनुपर्छ । यहाँका किसानले फलाएका बन्दाकोपी ट्रकमा चढाइँदै थियो । अचेल यहाँका बेमौसमी तरकारी भारतसम्म निर्यात हुन्छ, बर्सेनि करौँडोको व्यापार हुन्छ । खुसी लाग्छ, यताका धनबहादुरहरू अचेल समृद्ध किसान भएका छन् ।

बिहानको चियापछि हाम्रो यात्रा सुरु भयो । अलि अलि उकालो अलि अलि ओरालो गर्दै हुस्सुसँग लुकामारी खेल्दै हामी अगाडि बढ्यौँ । गुराँसेको चियाबगान र लहरै उभिएका धुपीका रूखले हामीलाई अडिन बाध्य बनायो । त्यहाँको सौन्दर्यलाई क्यामेरामा कैद गऱ्यौँ । त्यहाँको मनमोहक वातावरणसँग मन नलागी नलागी छुट्टिएर ओरालो झऱ्यौँ । साइकलमा सरर्र जोरपाटी, हिले हुँदै सल्लेरी वन कटेर धनकुटा बजार प्रवेश गऱ्यौँ । चन्द्रशमशेरद्वारा लखेटिएका देवशमशेरले आश्रय लिएको ठाउँ । यहाँ त्यतिबेलाका प्रशासकले सल्लो रोपेका थिए अरे । राणाकालीन गौँडा धनकुटा बजारछेउमा रहेको यस सल्लाघारीभित्र महेन्द्र पार्क छ, सरस्वती मन्दिर अनि कलाकार श्रीकृष्ण जोशी दाइले बनाउनुभएको शिव, शनि भगवान्को मूर्तिले यहाँको वातावरणलाई स्वच्छ र पवित्र बनाएको भान हुन्छ । यही जङ्गलभित्र डा. रामप्रसाद पोखरेल आँखा अस्पताल छ । हामीले त्यसैको गेटमा तस्बिर खिचेर सिरानको भीमनारायण चोक पुग्यौँ । यहाँ तत्कालीन पञ्चायती शासन व्यवस्था विरुद्ध सशस्त्र आन्दोलनमा संलग्न भएको आरोपमा फाँसी दिइएका सहिद भीमनारायण श्रेष्ठको सम्मानमा सालिक राखिएको छ । उहाँप्रति श्रद्धाञ्जली व्यक्त गर्दै गर्दा भेटिनुभएका रामनारायण दाइको आतिथ्यमा चियापान गर्दै माथिल्लो कोप्चेतिर लाग्यौँ । धनकुटा जिल्ला सुन्तलाका लागि प्रख्यात छ । त्यसैले होला स्थानीय घरहरूलाई सुन्तला रङ पोत्ने अभियान चलाइयो । अहिले यहाँको माथिल्लो र तल्लो कोप्चेका सुन्तले रङमा सजिएका घरहरू मनमोहक देखिएका छन् । यस ठाउँलाई **अरेन्ज सिटी**को नामले पनि चिनिन्छ । ऐतिहासिक बिहीबारे हाटलाई फन्को मार्दै हामी तल्लो कोप्चेतिर लाग्यौँ ।

राणाकालीन प्रशासनिक गौँडाका रूपमा रहेको धनकुटामा त्यतिबेलाका संरचनाहरू अझै साक्षीका रूपमा छन् । जस्तो, टुँडिखेलमा उभिएको जोडी धरहरा वि.सं. १९७० मा त्रिचन्द्र अस्पतालको नामले स्थापित धनकुटा अस्पताल, ५२ ढोका (भवन) धनकुटाका चिनारी हुन् । बजारको बिचमा जिल्ला प्रहरी कार्यालयसँगै निशानदेवी मन्दिर छ । यसको स्थापना वि.सं. १८४० मा भएको मानिन्छ । उपप्राध्यापक जनार्दन घिमिरेका अनुसार यस मन्दिरभित्र श्रीजङ्ग पल्टन र इन्द्रध्वज पल्टनका निशान छन् । यी दुवै निशान पाल्पाबाट ल्याइएका थिए । धनकुटामा अवस्थित सैनिक गुल्मको व्यवस्थापनमा सञ्चालित यस मन्दिरको नित्य पूजाआजा

त्यहीँबाट खटिएका पूजारीले गर्छन् । मन्दिरपरिसरमा काजी जसपाउ थापाको वि.सं. १८७९ मा कोतखाना स्थापना गर्दाको शिलालेख छ । अनुसन्धाता राजकुमार दिक्पालका अनुसार जसपाउ थापाले निशान भगवती मन्दिरपरिसरमा सैनिक प्रयोजनका लागि कोतखाना (हातहतियार र गोलाबारुदको कारखाना) स्थापना गरेर धनकुटालाई पूर्वकै केन्द्र बनाउने कार्यको सुरुवात गरेका थिए । जसपाउ थापाका 'सक्छौ जागिर खाऊ, सक्दैनौ जागिर नखाऊ, झन्डामुनि बस, दरबार नपस' भन्ने भनाइ निकै प्रचलित छ । उनीपछि धनकुटामा गभर्नर भएर काजी बालनरसिंह कुँवर आए । उनी जङ्गबहादुर राणाका पिता थिए । जङ्गबहादुरको बाल्यकाल धनुकुटामै बितेको थियो । उनले १३ वर्षकै उमेरमा श्रीजंग पल्टनभित्र सैनिक सुवेदारबाट सैनिक जीवन सुरुवात गरेका थिए ।

हामी बिहिबारे हाट हुँदै तल्लो कोप्चे पुग्यौँ । टुँडिखेल पुग्ने बेलामा कलात्मक झ्यालढोका भएको पुरानो घर देखियो । विनयलाल सरले जिज्ञासा राख्नुभयो । घर खगेन्द्र सर अर्थात् साहित्यकार स्व. खगेन्द्र प्रधानाङ्गको हो । घरमा ताला लगाइएको थियो । उहाँका छोरामध्ये साहित्यकार अशेष मल्ल तथा कलाकार मुकेश मल्ल काठमाडौँमै बस्छन् । धनकुटा फर्कन नसक्ने तर यस ठाउँलाई माया मार्न पनि नसक्ने धनकुटेलीले यसरी नै घरमा ताला लगाएका छन् । लाग्छ, धनकुटा छाडिजानेहरूको भोटे ताल्चा लागेको घरमा उहाँहरूको आत्मा बसिरहेको छ, शरीर मात्र भौँतारिरहेछ, सहरको भिडमा । नेपाली भाषाका साधक हेमचन्द्र पोखरेल, तुलसी दिवस, डा. दयाराम श्रेष्ठहरूको ठाउँ पनि हो धनकुटा । बजार क्षेत्रमा मुख्यतः नेवार जातिको बसोबास छ । उनीहरू धनकुटा बजार विस्तारसँगसँगै यहाँ आएका हुन् । धनकुटा बजारको आसपासमा आठपहरिया राई बस्छन् । उनीहरूको रहनसहन र मौलिक संस्कृतिका बारेमा मैले खगेन्द्र प्रधानाङ्गको **हारी** उपन्यास पढेर थाहा पाएको हुँ । धनकुटा, चुङमाङमा जन्मेका प्राध्यापक टङ्कप्रसाद न्यौपाने गुरुले यही आठपहरिया राई भाषामा विद्यावारिधि गर्नुभएको हो । शिक्षासेवी गजेन्द्रबहादुर प्रधानाङ्गको सक्रियतामा वि.सं. १९८९ मा स्थापित गोकुण्डेश्वर माध्यमिक विद्यालयलाई बाहिरबाट हेर्दै हामी अगाडि बढ्यौँ ।

नवीन दाइ ! आजभन्दा ५०-५५ वर्षअघि तपाईंको बुबा गौरी श्रेष्ठ जिल्ला प्रहरी कार्यालय, धनकुटाको प्रमुख हुँदा तपाईंको बाल्यकाल पनि धनकुटामै बितेको थियो । तपाईंका दाजुभाइ तथा दिदीबहिनीले यहीँका विद्यालय र क्याम्पसमा शिक्षा आर्जन गर्नुभएको कुरा तपाईंले धेरैपटक सुनाउनुभएको थियो । म पनि यहीँ ठाउँमा जन्मेँ, हुर्केँ । प्रहरी कार्यालयसँगैको मैदानमा केटाकेटीमा हामी पनि फुटबल खेल्थ्यौँ । टुँडिखेलको बाटो भएर झरेकाले होला, हामी त्यस ठाउँमा जान पाएनौँ । धनकुटा अहिले एभाकाडो खेतीका लागि पनि लोकप्रिय हुँदै छ । यहीँ बनेको एभाकाडोको सुन्दर स्तम्भ पनि पुग्न पाइएन । धनकुटा बसपार्कनजिकै मदन चोक छ, जहाँ स्व. मदन भण्डारीको स्मृतिमा सालिक राखिएको छ । त्यहाँ पुगेपछि पो थाहा भयो, निशान भगवती मन्दिर त जानै छुटेछ ।

तेह्रथुमदेखि धनकुटासम्मको यात्रामा म्याङलुङ बजारमा बिरालो, लसुनेमा लसुन, वसन्तपुरमा लालीगुराँस, सिँधुवामा फूलकोपी, हिलेमा तोङ्बा, धनकुटा कागते पोखरीमा कागतीका स्तम्भ देखिए । यस्ता स्तम्भहरूले ती स्थानहरूको पहिचान झल्काएको अनुभूति भयो ।

साइकलमा झापा जिल्लाका गाउँ गाउँ घुम्दा होस् वा लुम्बिनीलाई फन्को मार्दाको क्षण होस्

वा चौबिसेको लिम्बू गाउँमा होस् वा उदयपुरका थारू गाउँमा होस्, भेटिए जति सबै परिचित लाग्छन्, केटाकेटीहरू हात हल्लाउँछन् वयस्क र वृद्ध मुस्कानले स्वागत गर्छन्, गफिन मन पराउँछन् । गएको हिउँदमा साइकलमा भैरहवादेखि लुम्बिनी परिक्रमा गर्दा गोटिहवा गाउँ पनि पुगियो । मलाई भवानी भक्षुको **हारजित** कथाका जीवन्त पात्रहरू याद आयो । मैले देखेका मानिसहरू कतै गहुँ काट्नेलाई अह्राइखटाइ गराइरहेका मनोहर, कतै गहुँ काटेर भित्र्याउँदै गरेकी सोनवा, चिन्तित मुद्रामा घाम ताप्दै गरेका अलगुवा पो हुन् कि ? चोकमा बसेर क्याराम बोर्ड खेल्ने चाहिँ पक्कै सोनवाका गोज्याङ्ग्रो लोग्ने होला ।

हामी तमोरपारिसम्म साइकलमा आयौँ । उँखुडाँडाले चिनिने यो ठाउँमा स्थानीय उखु मात्र होइन, त्यसको जुस पनि खान पाइने रहेछ । तमोरको किनारमा रहेको मूलघाट बजारमा निकै चहलपहल बढेछ । यहीँ नजिकै विश्रान्ति मन्दिर छ । त्यहाँ वृद्धवृद्धाका लागि धेरै वर्षदेखि आश्रम पनि सञ्चालन गरिएको छ । साइकलमा भएकाले पनि मूलघाटको मिठो आँप लान सकिएन । त्यहाँबाट फेरि गाडीमा चढेर धरान फर्कियौँ ।

नवीन दाइ ! जब जब म तपाईंहरूका साथ लागेर साइकल कुदाउँदै लामो लामो यात्रामा निस्कन्छु त्यतिबेला पाउने आनन्दको वर्णन गर्न सक्दिनँ । बाल्यकालमा नाङ्लोको बिट वा त्यो नभेट्दा कालो पाइपको टुक्राबाट गोलो चक्काजस्तो बनाई त्यसलाई छाताको करङ बङ्ग्याएर बनाएको तारले डोऱ्याउँदै दौँतरीसँगै टाढा टाढा पुग्दा जुन आनन्द आउँथ्यो अहिले साइकलमा यात्रा गर्दा त्यही अनुभूति हुन्छ ।

अचेल शनिवार आयो कि जिउमा अर्कै फुर्ती आउँछ । आउने शनिवार कता जाने नवीन दाइ ?

(laxmikrishna52@gmail.com)

गीत

# ढुङ्गाको मुटु लिएर हिँड्नेहरू



अनुज श्रेष्ठ पृथक्

मिठा मिठा बात गर्नेहरू छल गर्न सक्छन्
आघात दिनेहरू हरपल साथ हुन सक्छन् ।

ढुङ्गाको मुटु लिएर हिँड्नेहरू कठोर बनिदिन्छन्
हात समाई कसम खानेहरू कठै त्यसै छाडिहिँड्छन्
खोजूँ भने कहाँ खोजूँ आफ्ना भनाउँदाहरू
जति आउँछन् नजिक मेरो; वाचा तोडिजान्छन् ।

जस्तै अभरमा पनि कसैको भर पर्ने छैन
घात मात्र पाउने भए; प्रित अब लाउने छैन
माथा चुमी माथ दिन्छन् मानिसहरू
झुठो प्रितको आश्वासन अब लिने छैन ।

(anujshrestha516@gmail.com)

निबन्ध

# एउटा मन



**नवराज रिजाल**
**(जितपुरसिमरा १६, बारा)**

उसको विचार फुल्न खोज्यो । आँखा चारैतिर छरियो । फक्रने जाँगर सँगाल्यो । सम्भनाका तरङ्गहरू कावा खाँदै उडिरहे । घरी घरी स्वप्निल संसार छरपस्ट बन्यो । सफलता-विफलता मान्छेका मित्र हुन् । खोज्नेले पायो थोरै भए पनि । खोजमा जसले निरन्तरता दिएन ऊ आकाङ्क्षाको गोरेटो हिँड्नै सकेन । मान्छे मनभित्र टुङ्गो बोकेर यात्रारत हुन खोज्छ । विश्वासको जँघारबाट पुल तर्न खोज्छ । तर यात्राबाट टुङ्गो भागिरहन्छ । तथापि खोज्ने जाँगर थाक्दैन । विश्वास चुहिन्छ । आस्था पोखिन्छ । दृढता पछाडि कहिल्यै फर्कंदैन । मान्छेका क्रियाकलाप र भोगाइलाई अभावपूर्तिको प्रत्येक खुड्किलोभित्र जोख्न सकिन्न । यसै गरी सकिन्न दृढता र अठोटका सुन्दर तरेली, विचारका पर्खाल र हिँड्ने गोरेटा तथा सङ्कल्पको भारी र तृष्णाका उबडखाबडलाई पनि ।

मान्छे र उसका क्रियाकलाप सिङ्गो भोगाइकै नाम हो । पाइलाहरू विचार हुन् । दृष्टि, भावना र तृष्णा त्यसका सहायक हुन् । वितृष्णा, हिजोआज र भोलि पनि हुन् । परिधि हिजो, आज र भोलिमै सीमित छ । बनाइएको घेरो नाघेर बाँच्न कठिन छ यद्यपि त्यो सङ्ख्यालाई कम आँक्न पटक्कै सकिँदैन । त्यसो गरिए इतिहासमा त्यो काम दुष्कार्य हुने छ । मनहरू फुल्न खोज्छन् । अठोट हराउन चाहन्छ । दृढताको पर्खालबाट तरङ्गमा रङ्मङिँदै छाया चित्रमा प्रतिविम्बित बन्ने कल्पना गर्छन् । साथको खोजमा हुन्छन् । आशाको लहरमा पाइन्छन् । गन्तव्यको पर्खाइमा भेटिन्छन् । विचारको पाटोमा देखिन्छन् । आस्थाको गोरेटोमा फेला पर्छन् । सबैतिर छरिन्छन् र पोखिन्छन् । आफैलाई पुर्न खोज्छन् । त्यसो त खोज्नेबित्तिकै कहाँ सकिन्थ्यो र त्यस्तो काम गर्न । साँच्चै खोजी र प्राप्ति निकट भइदिएको भए सम्भवतः मान्छे आजको अवस्थामा आउँदैनथ्यो होला । मनमा कल्पना छ । म कल्पनाको सागरमा डुबिरहेछु । मान्छेहरू समयको पर्खालबाट अन्तरिक्ष चिहाउन खोजिरहेका छन् ।

यसो त मनहरू कहिल्यै हार्दैनन् । भाग्दैनन् । डराउँदैनन् । थाक्दैनन् । अल्मलिँदैनन् । प्राप्ति हमेसा खोजिरहन्छन् । अप्राप्ति अर्को पाटो हो । अर्को बाटो र विचार शृङ्खला दुवै हो । एउटा सिङ्गो हार समेत सफलता हुन सक्छ । खण्डित अवस्थालाई पनि प्राप्तिकै घेरामा राख्न नसकिने होइन । सीमाहीन सम्भावना बोकेर आस्था हरहमेसा सल्बलाउँछ । ऊ हरेक क्षण सीमा रेखा कोरिरहेको भेटिन्छ । बनाइरहेको देखिन्छ । बिगारिरहेको पाइन्छ । मन जम्न र खुम्चिन दुवै सक्दैन । गुजुमुज्ज भएर असरल्ल पर्खिंदैन । प्रायः छरपष्ट बन्न खोज्छ । आँखा हराउँछन् । मनभित्र विचरण गर्छ । मन लोभिने गरी फुल्छ । फक्रन्छ । ओइलाउँछ । तथापि हार्दैन । हार्नु हुँदैन । मनले हारे बित्यास पर्छ र विनाश निम्तिन्छ । उठ्न खोज्दा अप्ठेरा आउँछन् । असजिलाले घेर्छन् । बाटा छेक्नेहरू दोबाटामा प्रशस्त भेटिन्छन् । अल्मल्याउनेहरू पृथक् पहिचानमा एकताबद्ध बन्छन् । परिधि सोचेभन्दा साँघुरो हुन सक्छ ।

परिवेश खुस्कनुलाई टेढो आँखाले हेर्न मिल्दैन । विचारको गोरेटोमा बग्न खोज्नेहरूलाई बाटो छेक्नु जघन्य दुष्कार्य हो । यसर्थ मनहरू नपोखिने परिबन्दमा लाग्नु मान्छेको आवश्यक कार्य हुनुपर्छ ।

अप्ठेरा, असजिला र बिप्ल्याँटा जीवनका विविध विम्बप्रतिविम्ब हुन् । असत्य पन्छाउँदै सत्यको खोजीमा लाग्नु सबैको पृथक् कर्तव्य हो । मनहरू क्षणिकताभित्र कैद हुनु राम्रो होइन । ती उठ्नुपर्छ । जुट्नुपर्छ । हिँड्नुपर्छ । बाटो खोज्नेलाई देखाउन तयार हुनुपर्छ । बाटो देखाउनेहरूले युद्ध जितेका छन् । प्रेम फुलाएका छन् । विश्वासको सगरमाथा चढाएर गन्तव्यमा पाइला टेकाएका छन् । यथार्थमा ती विचारको शृङ्खलाबाट भत्किएका हुन सक्छन् । बिग्रिएका हुन सक्छन् । जान्न सहयात्रा आवश्यक पर्छ । दृढताको पर्खाल उक्लनुपर्छ । ती अप्ठेरामा मात्र चिनिन्छन् । स्वार्थका जालामा पुरिएकाहरूको घेरा नाघ्न अप्ठेरो छ । जे जे भए पनि आखिरमा समयले मान्छे र मनहरूलाई चिनाएरै छाड्छ यसमा शङ्का छैन ।

इतिहासका पाठहरूमा मन कहिल्यै हारेनन् । आरोह अवरोह भोग्दै अगाडि हिँडिरहे तर बसेनन् । यसर्थ निर्बाध रूपमा बाँचिरहेछन् । अझै पनि बिग्रिएका गोरेटा बनाउन कुटाकोदाला बोकेर हिँड्ने प्रयत्न भइरहेछ । सङ्कल्पको बिउ रोपेर दृढता सँगालिने सिलसिला चलिरहेको छ । उत्साहितहरूका अठोटमा यात्रा तय गरिन्छन् । मान्छे केही होइन जाँगर ठुलो कुरा हो । विश्वास अझ महान् हुन्छ । विचार शक्तिका लागि आवश्यक पर्छ । सङ्कल्प चुली र शिखर हुन् । क्रमशः भाव अग्लिन खोज्छन् । विश्वासले देखाएकै बाटोमा मान्छे हिँड्छन् र हिँड्नुपर्छ । फेरि पनि मन बाटो देखाउने प्रयासमा छन् । जाँगर गोडमेल गर्ने प्रयत्न भइरहेछ । उत्साह, अठोट र जाँगरमा हिँड्ने प्रयत्न गरिन खोजिँदै छ । उसका पाइला टक्क अडिए । फुत्काउने प्रयास समर्थ बनेन । ऊभित्र आसन जमाइरहेको आत्मविश्वास ङिच्च हाँस्यो । मन निरुत्तर बन्यो । बन्धनमुक्त हुन खोज्यो । ओहो ! त्यस्तो सोच त कहाँ थियो र ? तर भइदियो, भएपछि के लाग्छ र ? अनुहार ऐनामा हेर्‍यो । पहिले जस्तो थियो भिन्न लागेन । ढुक्क भयो । सोच्यो जे थिएँ त्यही र त्यस्तै रहेछु ।

सपना देख्छ । त्यो आम मान्छेले देख्ने कुरो हो । सपनाले उचाल्छ । पछार्छ । लडाउँछ । उठाउँछ । उठ्नुपर्छ । हिँड्नका लागि पाइला चाल्नुपर्छ । जानेको छ तर कसरी अहँ, थाहा छैन । कर्तव्य र अधिकार अलग अलग दुई पाटा हुन् । त्यसलाई बाँच्ने कला पनि भनिन्छ । जीवनको सिङ्गो आधारशीला त्यहीँभित्र हुन्छ । मन प्रस्ट्याउँछ र स्विकार्छ । सत्य यही हो । खोजिरहनु आवश्यक छैन । कहिलेकाहीँ दुविधा उत्पन्न नहुने होइन तर आफै छिनोफानो गर्छ । गुहार्दैन कसैलाई । छातीभित्र आवश्यक छैन भन्ने ठम्याइ छ । सपना धेरै पहिलेदेखि देख्थ्यो । हिजोआजको भन्दा अलि बेग्लै हुन्थ्यो । हुन त अहिले पनि देख्छ । पहिल्यै प्रसङ्ग आइसक्यो तर तात्त्विक भिन्नता छ । एकान्तमा हराउँथ्यो । फुल्न खोज्थ्यो तिहारजस्तै । हावामा उड्ने कल्पना उमार्थ्यो । चारैतिर छरिन्थ्यो । पानीझैँ बग्ने अभिलाषा बोक्थ्यो यद्यपि समर्थ बन्थेन । खुब घोरिन्थ्यो । निक्कै समय हराउँथ्यो । कहा पुग्थ्यो ? कुनै नापो हुन्थेन । सोध्नेहरू नाजबाफ बन्थे । ऊ हाँस्थ्यो र केवल हाँसिरहन्थ्यो ।

क्षण क्षणमा सपना खोज्थ्यो । त्यसैमा हराउँथ्यो । भेट्टाउने प्रयास गरिरहन्थ्यो । भावनाको आस्था उमार्थ्यो । तृष्णा फूलबारीमा रोपिन्थ्यो । गोडमेलमा सरिक बन्थ्यो । सुन्दरता मुटुमा सजाउँथ्यो । क्षितिजको भ्रमण हुन्थ्यो । जीवन निस्सार सम्झन्थेन । सोचसम्म थिएन । सोच्थ्यो

फूल आस्था हो । तृष्णा उचाइ हो । एउटा शान्ति पलप्रतिपल खोज्थ्यो । सुनिश्चिततामा सुत्थ्यो । आँखाभित्र मिठो संसार राखेर हिँड्थ्यो । पाइला दह्रो टेक्थ्यो । अहँ, धरमराउन दिनु हुन्न अठोट बोक्थ्यो । बलियो सम्भावना थियो छातीमा । उर्वर मस्तिष्क फल्न फुल्न खोज्थ्यो । जहाँ पायो त्यहाँ हुन्न है, सचेत गराउँथ्यो । हाँसेर धन्यवाद ज्ञापन गर्दै अगाडि बढ्थ्यो । पदचाप अनुसरण गरून् सोच्दैनथ्यो तर आए निषेध गर्दिनँ आफैलाई सान्त्वना दिन्थ्यो । अनि मनलाई मनभित्र राखेर एउटा गन्तव्यको खोजीमा अगाडि बढ्थ्यो ।

चौतारीमा एक हुल भेटिए । कल्पना यथार्थमा परिणत हुन खोज्दै छ सोच्यो । हात दह्रोसँग मिलायो । दुवैले कसम खाए र टक्क अडिए । एकान्तताभित्र मुस्कुरायो । साँच्चै अब त.... एक बसाइमा मुख खोल्यो । पक्का हो, टाउका क्रमशः हल्लँदै गए । हँ, ? सोध्यो । शङ्का गर्नु पर्दैन एउटाले भन्यो । चस्मा फुकालेर हेऱ्यो । अर्कोले समर्थन गऱ्यो । विश्वस्त बन्न कर लाग्यो । होला नै, सकारात्मक सोच बनायो । नकारात्मक भाव पछार्न कम्ती प्रयत्न गर्नु परेन । तर हार मानेन । सँगसँगै हिँड्न लागे । रहर थियो, दङ्ग पऱ्यो । ढुक्क पनि भयो । साथ छुट्ला भन्ने सयमा सय प्रतिशत विश्वास थिएन । मनको उपज थियो । लामो अन्तरालको इच्छा सिङ्गो आस्था र भर्भराउँदो विश्वास । जिउँदो विचार अनि दृढ अठोट । परिस्थितिले अकस्मात् पल्टा खायो । विश्वास लागेन । कहाँ हुनु त्यस्तो ? धत् नचाहिने कुरा आफैलाई झपार्न खोज्यो । समर्थ भएन । असमर्थ पनि भएन । ठिङ्ग उभिएर चारैतिर हेऱ्यो । के देख्यो, के देखेन पटक्कै ठम्याउन सकेन ।

मन, छाती र आँखाभरिभरि प्रतिप्रश्न उठिरहे । वरिपरि आँखा घुमे । लत्तो छाड्नेहरू मस्तीमा थिए । ओहो ! उघ्राउन व्यस्त । रिस त उठ्यो तर प्रकट गरेन । मुन्टो हल्लायो । तिनीहरूका पाखुरा समाएर तान्न खोज्यो । तर सफल भएन । घुँडा धसेर चपाउँदै थिए । इसारा गरेर डाक्यो । व्यर्थ भयो । अनुनय विनयले काम गरेन । एक छिन घोत्लियो । समय माग्यो । एकान्तमा पुऱ्यो । सम्झाइबुझाइ गऱ्यो । औँला ठाडो पाऱ्यो । आँखा राता तुल्याएर रोष जनायो । किन सुन्थे ? सुनेनन् । अर्कोतिर फर्किएर हात हल्लाए । त्यसपछि आफैमा हराए । पोखिए उठ्नै नसक्ने गरी । सुरुमा पत्यार नभए पनि अन्त्यमा हारथाक बन्नुपऱ्यो । ऊ पनि हात हल्लाएर बिदा भयो । हिँहिँ हाँसे । केही बोलेनन् । आफूसँग राख्न गरेको प्रयास अफल बनेपछि खुब झोक्किए । यसकारण होला अरू केही बोलेनन् । पाइला निरन्तर गतिशील बनिरहे । शिखर पुगेर हेऱ्यो । ती छटपटाउँदै रहेछन् । सम्भवतः त्यसैले होला उठ्दै र बस्दै गरिरहेका थिए । उसले देख्यो । तर तिनीहरूले देखेनन् । मुसुक्क हाँस्यो । ध्यान अन्यत्र खिच्न खोज्यो । आँखा चिम्लिन चाह्यो । तर सकेन वा सम्भव भएन । ती त्यतै त्यतै के के हो के के खोजिरहेका थिए ।

(nabapragyapan@gmail.com)

**काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ**

**अक्षरधाम प्रकाशन, बागबजार**

**सम्पर्क : ०१–५९२२७०७/९८६००५६०५२/९८५११५७१९३**

akshardhamprakashan@gmail.com | akshardham.com.np

निबन्ध

# जिन्दगी, प्रकृति र सर्वोच्चताको खोज



विमल गिरी

झर्नाले पहरा रोज्छ, नदीले असजिलो खोच रोज्छ, बादलले हिमाल रोज्छ र मानिसले यात्रा रोज्छ । सायद यही कारणले जीवनको अर्थ पनि सहजतामा भन्दा सङ्घर्षमा बढी लुकेको हुन्छ । कुनै झर्ना पहाडसँग नठोक्किएर झर्ना बन्न सक्दैन । कुनै नदीले घुमाउरा मोड र गहिरा गल्छी पार नगरी समुद्र भेट्न सक्दैन । त्यसरी नै मानिस पनि अनुभव, सङ्घर्ष, प्रेम, पीडा, खोज र सपनाका बाटाहरू हुँदै आफ्नो अस्तित्व निर्माण गर्छ ।

जिन्दगी बगिरहने खोला हो । यसको सौन्दर्य स्थिरतामा होइन, प्रवाहमा छ । कहिले यो शान्त हुन्छ, कहिले बाढी बनेर गर्जन्छ । कहिले मुस्कान बोकेर बग्छ, कहिले आँसु मिसाएर । तर बग्नु यसको धर्म हो । यही बगाइभित्र जीवनको मिठास, अर्थ र रहस्य लुकेको छ ।

हिमालसँग प्रत्यक्ष सङ्गत नभए पनि हिमालको नाम सुन्नासाथ मनमा एउटा अद्भुत श्रद्धा जाग्छ । त्यो केवल ढुङ्गा र हिउँको थुप्रो होइन, धैर्यको प्रतिमा हो । त्यो मौन भएर पनि हजारौँ वर्षदेखि संसारलाई केही न केही सिकाइरहेको गुरु हो । प्रकृति आफै एउटा विशाल पुस्तक हो, जसका प्रत्येक पाना नदी, वन, हिमाल, चराचुरूङ्गी र फूलहरूले लेखेका छन् । प्रसिद्ध प्रकृतिविद् तथा दार्शनिक हेनरी डेभिड थोरोले भनेका छन्, 'प्रकृतिमा हिँड्नु भनेको हजारौँ चमत्कारको साक्षात्कार गर्नु हो ।' त्यस्तै अल्बर्ट आइन्स्टाइनले प्रकृतिको रहस्य देखेर विस्मित हुँदै भनेका थिए, 'प्रकृतिलाई गहिरोसँग हेर्नुहोस्, त्यसपछि तपाईंले सबै कुरा अझ राम्रोसँग बुझ्नुहुने छ ।' वास्तवमै प्रकृति केवल दृश्य होइन, अनुभूति हो । केवल वनस्पति होइन, जीवनको पाठशाला हो ।

**प्रकृतिको विशाल काव्य**

नेपाल प्रकृतिको अनुपम उपहारले भरिएको देश हो । यहाँको भूगोल आफैमा एउटा महाकाव्यजस्तै छ । दक्षिणका समथर फाँटदेखि उत्तरका हिमशृङ्खलासम्म फैलिएको विविधता संसारकै दुर्लभ सम्पदा हो ।

सगरमाथा, कञ्चनजङ्घा, ल्होत्से, मकालु, अन्नपूर्ण, धौलागिरिजस्ता हिमालहरू केवल उचाइका प्रतीक होइनन् । ती साहस, धैर्य र आत्मविश्वासका जीवित स्मारक हुन् । बिहानको घामले हिमालका चुचुराहरू सुनौलो बनाउँदा प्रकृतिले आफै कविता लेखेजस्तो लाग्छ । साँझ पर्दा ती हिमशिखरहरू रातो रङमा रङ्गिएर कुनै कलाकारको अद्भुत चित्रझैँ देखिन्छन् ।

सल्लेरीका वनमा हिँड्दा हावासँग सुसाउँदै गरेका सल्लाका रूखहरूले मानौँ कुनै प्राचीन कथा सुनाइरहेका हुन्छन् । वसन्त ऋतुमा फुलेका गुराँसका राताम्य फूलहरूले डाँडापाखालाई स्वर्गीय सौन्दर्यले भरिदिन्छन् । गुराँस नेपालको राष्ट्रिय फूल मात्र होइन, पहाडको मुटुभित्र फुलेको प्रेमको प्रतीक हो ।

लेकतिर उकालो लाग्दै जाँदा चिमाल, धुपी, सुनपाती, भोजपत्र, पदमचाल, कुट्की,

यार्सागुम्बाजस्ता बहुमूल्य वनस्पतिहरू भेटिन्छन् । यिनले केवल वातावरण सुन्दर बनाएका छैनन्, मानव जीवनलाई औषधीय गुणले समेत समृद्ध बनाएका छन् ।

प्रकृतिका यी उपहारबिच असङ्ख्य जीवजन्तु पनि बसोबास गर्छन् । डाँफे नेपालको राष्ट्रिय चरा हो । त्यसका रङ्गीन प्वाँखहरू बिहानको घाममा चम्किँदा प्रकृतिको अनुपम कला देख्न सकिन्छ । मुनाल, चिल, कालिज, मजुर, सुगा, भँगेरा, कोइली र विभिन्न चराले वनलाई सङ्गीतमय बनाएका हुन्छन् ।

हिमाली क्षेत्रमा हिउँचितुवा, रातो पान्डा, कस्तूरी मृग, घोरल, झारल, नाउर, भालु र विभिन्न वन्यजन्तु पाइन्छन् । फूलमाथि नाचिरहेका रङ्गीन पुतलीहरू, घारमा गुनगुनाइरहेका मौरीहरू, माटोभित्र चलिरहेका साना जीवहरू सबैले प्रकृतिको विशाल सन्तुलनलाई कायम राखेका छन् ।

**लेकाली जीवन र संस्कृति**

लेकका बस्तीहरू प्रकृतिसँग गहिरो सम्बन्ध राखेर बाँचेका समुदायहरूका घर हुन् । शेर्पा, तामाङ, गुरूङ, मगर, थकाली, भोटे, राई, लिम्बुलगायत विभिन्न जातिले हिमाल र पहाडसँग मिलेर अद्वितीय संस्कृति निर्माण गरेका छन् ।

शेर्पा समुदायको नाम आउँदा सगरमाथाको सम्झना स्वतः आउँछ । संसारका अग्ला हिमालहरू चढ्ने साहसी यात्रामा उनीहरूको योगदान अतुलनीय छ । गुरूङ र मगर समुदायका लोकगीत पहाडका प्रतिध्वनिसँग मिसिएर गुन्जिरहेका हुन्छन् । राई र लिम्बु समुदायका चाडपर्व, नाचगान र सांस्कृतिक परम्पराले हिमाली जीवनलाई अझ जीवन्त बनाएका छन् ।

लेकका मानिसको जीवन कठिन छ तर उनीहरूको अनुहारमा देखिने सन्तोष विलक्षण हुन्छ । उनीहरू प्रकृतिसँग लडेर होइन, प्रकृतिसँग मिलेर बाँच्छन् । बिहान चरनमा गएका चौँरी र भेडाहरू, खेतबारीमा श्रम गरिरहेका किसानहरू, गाउँका आँगनमा खेलिरहेका बालबालिकाहरू, चुल्होबाट निस्किरहेको धुवाँ र टाढा देखिने हिमालले जीवनको सरल सौन्दर्यलाई देखाउँछन् । दार्शनिक राल्फ वाल्डो इमर्सनले भनेका थिए, 'प्रकृतिको काखमा बसेको मानिस कहिल्यै पूर्ण रूपमा एक्लो हुँदैन ।' लेकाली जीवन यही सत्यको जीवन्त उदाहरण हो ।

**जिन्दगीको अर्थ र यात्राको सौन्दर्य**

मानिस किन पहाड चढ्छ ? किन टाढा टाढा यात्रा गर्छ ? किन हिमाललाई नजिकबाट हेर्न चाहन्छ ?

सायद मानिस गन्तव्यभन्दा बढी आफूलाई खोज्न यात्रा गर्छ । पहाडका उकालाले शरीरलाई मात्र होइन, मनलाई पनि परिपक्व बनाउँछ । प्रत्येक मोडले नयाँ दृश्य देखाउँछ । प्रत्येक कठिनाइले नयाँ पाठ सिकाउँछ ।

सगरमाथाको शिखरमा पुग्ने मानिसले केवल संसारको सर्वोच्च विन्दु छोएको हुँदैन, उसले आफ्नो सीमालाई पनि चुनौती दिएको हुन्छ । सर्वोच्चता उमेरले छेक्दैन । सर्वोच्चता त साहस, लगन र आत्मविश्वासले प्राप्त हुन्छ ।

प्रकृतिको विशालता देख्दा मानिस आफ्ना अहङ्कारहरू बिर्सन्छ । नदीको प्रवाहले निरन्तरताको पाठ सिकाउँछ । हिमालले धैर्य सिकाउँछ । वनले सहअस्तित्व सिकाउँछ । फूलहरूले विनम्रता सिकाउँछन् । चराहरूले स्वतन्त्रताको अर्थ बुझाउँछन् ।

विश्वप्रसिद्ध प्रकृतिविद् जोन मुइरले भनेका थिए, 'पहाडहरूमा जाँदा हामी घर फर्किएजस्तो

अनुभव गर्छौं ।' वास्तवमै प्रकृतिको समीप पुग्दा मानिसले आफ्नै वास्तविक स्वरूपलाई भेट्छ ।

उपसंहार

जिन्दगी निरन्तर यात्रा हो । यो कहिल्यै नरोकिने खोला हो । यसमा सुखका उज्याला किनाराहरू छन्, दुःखका अँध्यारा मोडहरू छन्, आशाका झिल्काहरू छन् र सङ्घर्षका भङ्गालाहरू छन् । यी सबै मिलेर नै जीवन सुन्दर बन्छ ।

झर्ना पहाडमा नठोक्किएसम्म झर्ना हुँदैन । नदीले असजिला खोच नछोएसम्म विशालता प्राप्त गर्दैन । त्यसै गरी मानिसले चुनौती नस्वीकारी परिपक्वता प्राप्त गर्न सक्दैन । जीवनको स्वाद केवल बाँच्नुमा होइन, अर्थपूर्ण रूपमा बग्नुमा छ ।

हिमालका शिखर, गुराँसका वन, सल्लेरी वन, चिमाल र धुपीका लेक, डाँफेका पखेटा, पुतलीका रङ, चौँरीका घण्टी, लेकाली गाउँका संस्कार र प्रकृतिको विशाल सौन्दर्यले हामीलाई एउटै कुरा सिकाउँछन् । जीवन प्रकृतिबाट टाढा गएर होइन, प्रकृतिसँग जोडिएर अझ सुन्दर बन्छ ।

अन्ततः मानिसको सबैभन्दा ठुलो उपलब्धि कुनै शिखर चुम्नु मात्र होइन, आफ्नो भित्र रहेको मानवता, संवेदना र सौन्दर्यलाई चिन्नु हो । नदीझैँ बग्न सकियोस्, हिमालझैँ अडिन सकियोस्, गुराँसझैँ फुल्न सकियोस् र प्रकृतिजस्तै उदार हुन सकियोस् । यसो भयो भने जीवन आफैमा एउटा सुन्दर महाकाव्य बन्न सक्छ । यही महाकाव्यको नाम हो जिन्दगी ।

(bimalgiri@hotmail.com)

गीत

# वासन्ती सुवास लिएर तिमी आऊ न



डा. दामोदर रेग्मी

वासन्ती सुवास लिएर तिमी आऊ न
बिहानको मङ्गल धुनसँगै तिमी आऊ न
चराहरूको चिरबिरसँगै तिमी आऊ न
सङ्गीतको तालमा रम्दै तिमी आऊ न

बसाउँला जीवन यहाँ स्वर्ग त यही
खुसी नै खुसी साथ तिम्रो रहेपछि
यो हरियाली छटा हाम्रै साथ बसिरहुन्
यी तारागणहरू हामीसँगै नाचिरहुन्

गीतको धुनसरि जीवनको लय रहिरहोस्
उज्यालो यो जूनसरि कदमहरू चम्किरहोस्
उडौँ हामी पवनमा साथ हाम्रो रहिरहोस्
हराऊँ हामी मगनमा स्वप्निल भाव बसिरहोस् ।

समालोचना

# यात्राको लय नियात्राकृतिमा प्रयोग भएका विम्ब विधानबारे सङ्क्षिप्त चर्चा



**जय छाङ्छा**
**(छाङ्छा खिम, पुरानो बानेश्वर, काठमाडौँ)**

साहित्यको जुनसुकै विधाको रचना सिर्जना गर्दा विम्बको प्रमुख स्थान रहन्छ । रचनामा जति सार्थक रूपमा विम्बको प्रयोग गरिन्छ, त्यति नै रचना सजीव हुन्छ । विम्बको उचित प्रयोगले पाठकको मन तथा मस्तिष्कलाई आकर्षण गर्ने क्षमता राख्छ जसबाट रचना शक्तिशाली भएको महसुस पाठकले गर्छन् ।

२१ औँ शताब्दीको प्रथम चौथाइको वर्षसम्म आइपुग्दा विश्व साहित्यले नाटकीय रूपमा फड्को मारिसकेको छ । प्रारम्भिक कालको सपना बुनेर वर्तमान समयमा सिर्जना गर्नु र त्यसैमा टाँसिरहने प्रयास गर्नु भनेको रूढिग्रस्त मानसिकताबाट बाहिर आउन नसक्नु हो वा विकासको ढाट बन्नु नै हो ।

उद्भव कालमा गरिएका साहित्यका विविध विधाका सिर्जनाको दाँजोमा वर्तमानमा गरिँदै आइएका सिर्जनामा व्यापक परिवर्तन आइसकेको छ भन्ने कुरालाई कोही कसैले कन्भिन्स वा पत्यार गराउन खोज्नु आफै पङ्गु हुनु हो ।

**विम्बविधानको परिभाषा**

विम्बवादको प्रवर्तन बिसौँ शताब्दीको सुरूको दशकमा थोमस अर्नेस्ट हुल्मे (इ. १८८३-१९१७) ले गरे । उनलाई विश्व साहित्यमा 'विम्बवादका जनक' भनेर श्रद्धापूर्वक स्मरण गरिन्छ । यसलाई आन्दोलनका रूपमा अगाडि बढाउने काम सन् १९११ तिर अमेरिकी समालोचक तथा कवि इजरा वेस्टन लुमिस पाउन्डको अगुवाइमा भएको पाइन्छ । उनले भनेका छन्- *'जीवनमा धेरै सङ्ग्रहहरू प्रकाशन गर्नुभन्दा एउटा विम्बको सौगात दिनु श्रेयस्कर हुन्छ ।'*

कुनै पनि चिजको, अवस्थाको वर्णन केवल रूखासुखा भाषामा गरिएमा रङ्गहीन, स्वादहीन, अनाकर्षक लेखन हुन्छ । रचनामा विम्बसहित वा शब्दसौन्दर्य, भावसौन्दर्य र कुशल शिल्पका साथ सुललित भाषामा मन्त्रमुग्ध पार्ने किसिमले भावको चित्रण गरिनु नै विम्ब व्यवस्थापन हो । तसर्थ भन्न सकिन्छ कि स्पर्श अनुभूति, बासना शक्ति, सुनाइको प्रभावकारिता, दृश्यचित्र, रसज्ञताको सरस जानकारी र गतिलाई शब्दहरूका माध्यमबाट शिल्पदक्षताका साथ प्रकाश पार्ने कार्यलाई विम्बविधान भनिन्छ ।

**विम्बका किसिम**

**विम्ब** मुख्यतया ४ किसिमका हुन्छन्-

(क) वस्तुपरक विम्ब,

(ख) अलङ्कृत विम्ब,

(ग) ज्ञानेन्द्रियबोधक विम्ब र

(घ) अमूर्त विम्ब ।

अब उल्लिखित विम्बहरू नियात्राकार प्रदीप सापकोटाले आफ्नो कृतिमा के कसरी प्रयोग गरेका छन् भन्नेबारे सङ्क्षिप्तमा चर्चा गरौँ–

**(क) वस्तुपरक विम्ब–** नियात्राकारले विनासजावट यथार्थमा जे जस्तो देखेको छ, त्यस्तै चित्रण हुने गरी वस्तु, समाज, भूगोल तथा घटनाप्रसङ्गलाई पाठकको मन तथा मस्तिष्कमा सादृश्य प्रतिच्छायाको आभास दिलाउँछ भने त्यहाँ विम्बको सृजना हुन्छ । त्यस्तो प्रतिच्छाया उतार्नका लागि कुनै सजावट वा अलङ्कारको प्रयोग नगरी सरल किसिमले वर्णन गरिएको हुन्छ । वस्तु विम्बको प्रयोगका लागि खासै मिहिनेत गर्नु पर्दैन । दृश्यमा आएका कुराहरूलाई सरसर्ती लिपीकरण गर्दा हुन्छ । तर पाठकलाई केही न केही सन्देश दिने प्रकारको हुन भने जरूरी छ । यसका लागि नियात्राकार प्रदीप सापकोटाले २०६० साल भदौ वा असोज महिनामा रेडक्रसको कामले बागलुङ भ्रमण गर्दाको 'गाजाको दह र पिँढीको वास' शीर्षकीय नियात्राका निम्नलिखित हरफहरूलाई लिन सकिन्छ– *'(बागलुङ) बजार अझै ब्युझिएको थिएन । थियो त केवल सडकमा कुकुरहरूको दौडाइ र भुकाइ । म बजारबाट कटेर काठेखोला पुगेँ । टीकाराजजी मलाई कुरेर बसेका रहेछन् । खुल्ला आकाशमा बादलले आफ्ना बुट्टाहरू भरिरहेका छन् । यति सखारै पनि बजारतिर आउँदै गरेका मानिसहरू भेटिन्छन् । बिहानैदेखि हतारोमा देखिएका छन् । सायद उनीहरूलाई आफ्नो गन्तव्यमा पुग्नु छ पानी बर्सिनुअगावै ।' (पृ. २६)* । यसमा नियात्राकार सापकोटाले सरल र सहज किसिमले देहाती बजारमा देखिने दृश्यलाई चित्रण गरेको पाइन्छ ।

**(ख) अलङ्कृत विम्ब–** कतिपय दृश्य वा घटनाले नियात्राकारलाई भावुक बनाउँछ र मनोदशालाई आन्दोलित गराएको स्थितिलाई सिधा वर्णन नगरी अर्थगत वा शाब्दिक चमत्कारको सहयोगले चित्रण गर्ने क्रममा विम्बको सिर्जना हुन्छ । यसैलाई नै अलङ्कृत विम्ब भनिन्छ ।

अलङ्कृत विम्बको निर्माण तीन किसिमले हुन्छ । कुनै पनि विषयवस्तुलाई (१) मानवीकरण गरेर, (२) तुलना गरेर, (३) उपमा दिएर तथा (४) रूपक आदिको प्रयोग गरेर अर्थलङ्कारको सहायताले गरिन्छ ।

उल्लिखित अलङ्कृत विम्बहरूको प्रयोग नियात्रामा के कसरी गरिएको छ भन्ने कुरा उद्धृत नियात्रांशले स्पष्ट हुन्छ ।

**(१) मानवीकरण–** अलङ्कृत विम्बअन्तर्गत मानवीकरण विम्बको नियात्रामा कुनै पनि चिजलाई मान्छेको स्वरूप, चालचलन, बानी, व्यहोरादिको चित्रण गरेर यस्तो विम्ब तयार गरिन्छ । **यात्राको लय**मा के कसरी प्रयोग गरिएको छ, सोको लागि 'गाजाको दह' र 'पिँढीको वास' शीर्षकीय नियात्रामा गरिएको वर्णनलाई लिन सकिन्छ । जुन यसप्रकार छ– *'मुसुक्क मुस्कुराउँछे पारि चाकलो बस्तीसहित उभिएकी बिहुडाँडा । मेरो भव्य स्वागतमा उभिएको जस्तो लाग्छ लमतन्ने तर घुमाउरो गोरेटो अनि सँगैको चौतारो । किञ्चित गुनासो छैन चौतारोमा । कैयन् बटुवा आउँछन् भारी बिसाउँछन् । शरीर पनि बिसाउँछन् । सानो छ ऊ । साँघुरो छ । तर अहँ चौतारोमा कुनै तुच्छता छैन । यो त हार्दिकताको लेपन लगाउँछ सबैलाई । म पनि सुस्ताउँछु झोला बिसाएर चौतारोमा । आत्मीयताको न्यानो काख दिन्छ चौतारोले मलाई ।' (पृ. २७)*

माथि उद्धृत गरिएका यात्रांशबाट थाहा हुन्छ कि बिहुँडाँडा गाउँ र चौतारोलाई सुन्दर तरिकाले मानवीकरण गर्दै वर्णन गरिएका छन् । गाउँ र चौतारोलाई कुनै मान्छेजस्तै स्थितिमा प्रस्तुत

गरेर विम्बको निर्माण गरिएको पाइन्छ । त्यसैले नियात्रामा यस्ता विम्बहरूको निकै महत्त्व हुन्छ जसले पाठकलाई पठनका लागि आकर्षण गर्ने सामर्थ्य राख्छ ।

**(२) तुलनात्मक विम्ब–** दृश्यमा रहेका चिज वा वस्तुलाई अर्को त्यस्तै वस्तु वा चिजसँग समानान्तर रूपमा दाँज्ने काम नियात्राकारले गर्दछ भने त्यहाँ तुलनात्मक विम्बको निर्माण हुन्छ । यसको ज्वलन्त उदाहरणका लागि **यात्राको लय**को 'शीतलपाटीमा पाएको माया' शीर्षकीय नियात्राका निम्नलिखित वर्णनलाई लिन सकिन्छ जुन यसप्रकार छ– '*... आज यावीन्द्रसिंह दाइको घर नजिक एक जना नानीको विवाह छ । ती नानी हाम्रो कार्यक्रमकी सहभागी (दैवीप्रकोपको पूर्व तयारी तालिम) हुन् । सरलाई पनि लिएर आउनू भनेका छन् रे अभिभावकले भन्दै यावीन्द्र दाइले भने । ... धर्तीमा साँझको आगमन भयो । अनि हामी तीन भाइ बिहा घरतिर तेर्सिन्छौँ ।... विवाहघरमा नाचगान रहेछ । दुलही अन्माएर पठाइसकियो रे । यहाँको चलन र हाम्रोतिरको चलनमा फरक । बेहुली अन्माएको घरमा त रुवावासी हुन्छ नि ! यहाँ त नाचगान, खै के के । चलन चलाएपछि चल्छ भनेको यही होला । एकछिन रमाइलो हेर्छौं र खाना खाएर डम्बर दाइकोमा हामी तीन भाइ फर्कन्छौँ ।*' (पृ. ५१-५२)

माथि उद्धृत गरिएका यात्रांशबाट थाहा हुन्छ कि काठमाडौँतिरको विवाह र बागलुङतिरको विवाहमा हुने फरकपन । यसरी विवाह प्रचलनका पृथकतालाई विम्ब बनाई नियात्राको सिर्जन गरिएको छ ।

**(३) उपमा विम्ब–** अलङ्कृत विम्बअन्तर्गतकै उपमा विम्ब भन्नाले कुनै एक वस्तु वा समान रूप वा गुणको सादृश्य देखाउन खोज्दा यस विम्बको निर्माण हुन्छ । यसका लागि पनौती नगरपालिका न्यायिक समितिका पदाधिकारीहरू दोलखाको भीमेश्वर नगपालिकामा अध्ययन अवलोकन भ्रमण जाँदाको 'भीमेश्वरको साहित्यिक माहौल' शीर्षकीय नियात्राका वर्णनलाई लिन सकिन्छ जुन यसप्रकार छ– '*पनौती नगरपालिकाको समग्र अवस्थाको बारेमा जानकारी गराए वरिष्ठ प्रशासकीय अधिकृत इन्द्रप्रसाद अधिकारीले सँगै आत्मीय अतिथि सत्कारका निम्ति भीमेश्वरलाई धन्यवाद पनि दिए । ... पनौतीको उपप्रमुखले (गीता बन्जारा ?) न्यायिक समितिका गतिविधि तथा अन्य सवालहरूमा सङ्क्षेपमा जानकारी दिइन् । ... पनौती नगरपालिकाको तर्फबाट मायाको चिनो हस्तान्तरण पनि गरिन् र पनौती घुम्न आउन निम्तो पनि दिइन् । आफ्ना कुराहरूसहित धन्यवाद ज्ञापन गर्दै औपचारिक रूपमा कार्यक्रमको समापन गरिन् भीमेश्वरकी उपप्रमुख कमला बस्नेतले ।' (पृ. १३)*

माथि उद्धृत यात्रांशबाट पत्ता पाउन सकिन्छ कि दुई नगरपालिकाबिचको सौहार्दताका साथै सादृश्यता देखाउने काम गरी विम्बको निर्माण भएको पाइन्छ ।

**(४) रूपक विम्ब–** अलङ्कृत विम्बअन्तर्गत रूपक विम्ब जुन वस्तु वा चिजलाई प्रकृतिले लघु समयका लागि भए पनि स्वरूपलाई परिवर्तन भएको देखाउने र पृथक् चिजको अनुभूति गराएको हुन्छ । त्यसलाई नियात्राकार आफ्नो शिल्पशैलीमा चित्रण गर्दा निर्माण हुने विम्बलाई रूपक विम्ब भनिन्छ । यस विम्बका लागि **यात्राको लय**मा समावेश भएको 'नक्सालबाडी हुँदै टाइगर हिलमा बरालिँदा' शीर्षकीय नियात्रांश उद्धृत गर्न सकिन्छ जसमा यसप्रकार वर्णन गरिएको पाइन्छ– '*... ठिङ्ग उभिएका छौँ हामी । रहरले डोऱ्याएर यहाँसम्म आइपुगेका सबै । ... मेरो जिज्ञासु आँखा पूर्व दिशातिर खिचिएका छन् । प्रतीक्षा लम्बिँदै गयो । मौसम धूमिल*

*भयो । बिहानको सात नाघिसक्यो । ... तर सूर्योदयको दृश्यपान गर्ने रहर रहरै मात्र भयो । सबैको उत्साह तुवाँलोले निल्यो खर्लप्पै । अब सबै जना निराश भएर फर्कने तयारीमा छन् । हामी पनि भिडबाट निस्कियौँ पहाडकी रानी भनेर चर्चा पाएको टाइगरहिलबाट ।' (पृ. १२३)*
उल्लिखित वर्णन टाइगर हिलबाट जुन दृश्य देखिनुपर्ने अपेक्षा गरिएको थियो तर मौसमको कारणबाट अपेक्षित दृश्य देख्न नसकिएको कुराको वर्णन गरिएकोले यसमा रूपक विम्बको निर्माण भएको पाउँछौँ ।

**(ग) ज्ञानेन्द्रियबोधक विम्ब–** मानिसका पाँच इन्द्रियहरू (आँखा– दृश्यपरक विम्ब, कान–श्रुतिपरक विम्ब, नाक–गन्धपरक विम्ब, जिभ्रो–आस्वादपरक विम्ब र छाला–स्पर्शपरक विम्ब) का पहुँच हुने चिजहरूमार्फत निर्माण हुने विम्बलाई ज्ञानेन्द्रियबोधक विम्ब भनिन्छ । इन्द्रियको निकटको सम्पर्कबाट निर्माण हुने यी विम्बहरू नियात्रा सर्जकका लागि अत्यधिक महत्त्वपूर्ण विम्ब हुन् ।

**(अ) दृश्यपरक विम्ब–** नियात्रा सर्जक र दृश्यपरक विम्बको सम्बन्ध अन्योन्याश्रित हुन्छ । नियात्राकारको स्वभाव घुमन्ते हुन्छ । त्यसैले दृश्य वर्णन यात्रा साहित्यको प्रमुख विशेषता पनि हो । दृश्यमा देखिएका विशिष्टताका साथ विम्बमार्फत उपस्थिति जनाउँछ जसमा गतिशीलताको पनि सहवास हुन्छ ।

यसको उदाहरणका लागि **यात्राको लय**मा लिपिबद्ध भएको बागलुङ सहरबाट दक्षिणपश्चिमको सिँगानातर्फ जाने क्रममा देखेका दृश्यलाई 'त्यो सहभोज' नामक शीर्षकीय नियात्रामा वर्णन गरेका हरफहरूलाई लिन सकिन्छ– *'माथि उक्लिदै गर्दा बाटो छेकेर बसेको हाडेबेडु जस्तै लाग्ने काँडैकाँडा भएको ठुलो हाँगाले बाटो छेकेर बसेको रहेछ । कस्तो चलन है-कैयन् मान्छे बजार झर्दै गरेको भेटेकै हूँ मैले । तर त्यो हाँगा पन्छाएर आफू पार भएपछि फेरि त्यहीं राखिएको जस्तो पो छ । मैले झोला बिसाएँ । हाँगो पन्छाएर छेउ लगाइदिएँ र माथितिर उक्लिएँ । मान्छेको आवागमन कम छ । एक जना महिला पिठिउँमा मजेत्रो बेरेर सुर्किनो बनाई त्यसमा बच्चा बोकेर तल्तिर झर्दै छिन् । उनको हिँडाइको तरिका हेर्दा हतारोमा देखिन्छिन् । खच्चडको हुल रहेछ मेरो अघि । डँडाल्नुमा सकिनसकि गह्रुँगो भारी टनक्क कसिएको छ । बिस्तारै उक्लदै छन् । तिनीहरूका पछि दुई जना मानिसहरू हातमा लौरो लिएर हिँडेका छन् । म अलिक साइड लागेर अघि बढ्छु । (पृ. ५७-५८)*

प्रस्तुत नियात्रांश पनि दृश्यपरक विम्बले ओतप्रोत छ जसमा पठन गर्ने पाठकलाई रोमाञ्चक र आकर्षित गराउन सक्ने क्षमता छ ।

**(आ) श्रुतिपरक विम्ब–** सुनाइ विम्ब वा श्रुतिपरक विम्बको आधारभूमि आवाजमूलक शब्द हो । आवाज अर्थात् ध्वनिको सहयोगले जुन विम्बको निर्माण हुन्छ, त्यसलाई श्रुतिपरक विम्ब भनिन्छ । नियात्रा साहित्यमा कानमा गुन्जिने स्वरको निकै महत्त्व रहन्छ । मूर्त अथवा अमूर्त चिजका स्वर अर्थात् जीवित, निर्जीव एवम् यान्त्रिक चिजका स्वरहरू सम्मिलित हुन्छन् श्रुतिपरक विम्बमा । निम्न हरफहरूलाई यसप्रकारको विम्बको उदाहरणस्वरूप लिन *सकिन्छ– 'रेशमलाल पौडेल गुरु पनि मेरो समीपमै आएर बस्छन् । मेरो बारेमा सोध्छन् । मैले सबै विस्तार लगाउँछु । चियाबाट आतिथ्य प्रारम्भ हुन्छ । ... उनी मेरो जन्ममिति, न्वारनको नाम आदि सोध्छन् । हस्तरेखा पनि नियाल्छन् । निकटमै ठुलै अनिष्ट हुन सक्छ रे मेरो जीवनमा । खड्गो ठुलो छ रे ! यो खड्गो टऱ्यो भने सत्तरी वर्षको उमेरसम्म मलाई केही हुन्न रे ! (पृ. ४३)*

यसमा ज्योतिषीसँग वार्तालाप छ । नियात्राकार र ज्योतिषका बिचमा भएको कुरा छ जसबाट यसमा श्रुतिपरक विम्बको उपस्थिति छ ।

**(इ) गन्धपरक विम्ब–** नियात्रा साहित्यमा गन्धपरक विम्बको महत्त्वपूर्ण योगदान हुन्छ । अगरबत्ती, चन्दन, फूल, सेन्टका साथै विभिन्न जीवित वस्तुको गन्धलगायत सडेगलेका चिजहरूबाट उत्पन्न हुने हरकले यो विम्बको निर्माण हुन्छ । **यात्राको लय**मा खोजी गर्दा २०६० भदौको अन्तिम साता बागलुङको गल्कोटदेखि नरेठाँटी सम्मको यात्रा गर्दाको सिर्जना 'पहिलो गल्कोट यात्राको बकपत्र' शीर्षकीय नियात्राको वर्णनांशलाई लिन सकिन्छ– *'घोडाबाँधे पुगियो । ... केहीबेरपछि हामी अलिक ओरालो, त्यसपछि तेर्सो बाटो लाग्यौँ । डुङ्डुङती गन्हाउने बाटो खच्चरको पिसाब र गोबरले । साँच्चै अचम्मको कुरा एउटा खच्चरले पिसाब गरेकै ठाउँमा अरूले पनि गर्दा रहेछन् । बाटोमा पिसाबको कुलो नै बगेको छ । बाटोमा घण्टी बजाउँदै घोडाबाँधेतर्फ उक्लदै गरेका खच्चरहरूसँग पनि जम्काभेट हुन्छ ।' (पृ. ३४-३५)*

**(ई) आस्वादपरक विम्ब–** जिभ्रोको सहयोगले पत्ता लाग्ने विम्ब विभिन्न खाद्यान्न भोजन गर्दा वा कतिपय पेय पदार्थहरू पिउँदाको स्वादलाई लिएर निर्माण हुन्छ । यस विम्बको पनि नियात्रा सिर्जनामा निकै महत्त्व हुन्छ । यस विम्बको उदाहरणका रूपमा २०७८ पुसको तेस्रो हप्तामा नियात्राकार उदयपुरको गाईघाट जाँदाको सिर्जना– 'मकरमेला प्रचारः कुशेश्वर हुँदै गाईघाट' शीर्षकीय नियात्रामा वर्णन गरिएका हरफहरूलाई लिन सकिन्छ– *'होटल भर्खरै चालु भएको नयाँ जस्तो भान पर्छ । तातोपानीमा नुहाएर फ्रेस भइयो । वेटरले मेनु लिएर आए । हामीले रोटी, दाल फ्राइ र मिक्स भेज अर्डर गर्‍यौँ । एकछिन कोठामा थकाइ मार्‍यौँ । थकाइ मेटाउन रसमाधुर्यसँग साक्षात्कार गर्न सबैको मञ्जुरी हुने नै भयो । हल्का रसमाधुर्यसँग स्न्याक्स लिएर आपसमा आत्मीयता साट्छौँ । रोटी तयार भएसँगै खायौँ हामीले । पुरु दाइ र म बाहिर परसम्म गयौँ, मिठा पान खाएर आयौँ ।' (पृ. ९२)*

उपर्युक्त विवरणमा खाना, पेय र पान आदिको स्वादबारे उल्लेख छ जुन कुरा आँखा, नाक र छालाको सट्टा जिभ्रोले थाहा पाउँछ ।

**(उ) स्पर्शपरक विम्ब–** छालाको सहयोगबाट थाहा पाइने यो निकै संवेदनशील विम्ब हो । तातो, चिसो, मुलायम, चिप्लो, खस्रो आदि निर्णायक शब्दहरू हुन् । यसमा इन्द्रिय संवेदनता वा छालाद्वारा अनुभूतिबारे उल्लेख भएको हुन्छ जसले स्पर्शपरक विम्बको निर्माण गर्छ । यसको लागि 'यात्राको लय'को 'आँखाको दूरबिनबाट मधेस नियाल्दा' शीर्षकीय नियात्रामा महोत्तरीको रामगोपालपुर नगरपालिका पुग्दाको वर्णनलाई उभ्याउन सकिन्छ– *'ढल्दै गरेको साँझसँगै हामी भारी मन लिएर रामगोपालपुरको मुख्य बजार फर्कियौँ ।... एक भोजनालयमा बेलुकाको खाना खाएपछि मित्र सरोज यादवसँग छुट्टिएर हामी स्थानीय उद्यमी एवम् समाजसेवी विनोदकुमार चौधरीको घरमा लाग्यौँ, जहाँ हाम्रा निम्ति वासको व्यवस्था गरिएको थियो । बाँकी प्याकिङको काम सकियो रातको करिब ११:३० बजे । अनि सुत्न पल्टियौँ । अहँ निद्रा छैन आँखामा । गर्मी पनि बिछट्टै छ । पङ्खा चलाएर सुत्न बाध्य छौँ हामी । कति कष्टकर गर्मिलो रात । साथीहरू बिस्तारै निदाए । तर म अबेरसम्म निदाउन सकिनँ ।' (पृ. ७६)*

**(घ) अमूर्त विम्ब–** नियात्राकारले देखेका दृश्यको गुणको सट्टामा सर्जकको भाव वा विचारको आधारमा यस्तो विम्बको निर्माण हुन्छ । अझ यसो सम्झौँ कि अमूर्त विम्ब निर्माण हुनमा

दृष्टिपरकतामा भन्दा भाव अनुभूति र चिन्तन शक्तिको बाहुल्यता रहन्छ । यसप्रकारले अमूर्त विम्ब पनि दुई प्रकारका हुन्छन् । तिनीहरू- (क) भावनात्मक विम्ब र (ख) चिन्तनात्मक विम्ब ।

**(क) भावनात्मक विम्ब-** कुनै पनि नियात्रामा अत्यधिक भावनाले ओतप्रोत भई वर्णन गरिएको पाइन्छ भने त्यसबाट अमूर्त विम्बअन्तर्गत भावनात्मक विम्ब निर्माण हुन्छ । यसको उदाहरणको रूपमा २०५९ कार्तिक (मंसिर ?) मा महेन्द्रनगर पुगेर सिर्जना गरेको 'टनकपुरमा दुःखेको मन' शीर्षकीय नियात्राका निम्नलिखित हरफहरूलाई लिन सकिन्छ- *'हाम्रो राष्ट्रियतामाथि नग्न बलात्कार प्रतिक्रियाविहीन भएर हेर्नुबाहेक प्रतिकार गर्ने सामर्थ्य म बबुरोमा कहाँ थियो र ! अघि यहाँ आउँदासम्मको उत्साह त्यहाँ बाँधिएको बाँध र भारतीय प्रहरीको व्यवहारले टनकपुरको पानी जस्तै चिसियो । मेरो मनको चहलपहल दिग्दारीमा बद्लियो ।' (पृ. २४)*

अत्यधिक भावनाले ओतप्रोत भएकोले उल्लिखित उद्धरणमा भावनात्मक विम्ब निर्माण भएको छ ।

**(ख) चिन्तनात्मक विम्ब- यसमा** विचार, चिन्तन तथा विद्वताको बाहुल्य हुन्छ । नियात्राकारले कुनै विशिष्ट विचारको सहयोगमा पाठकको मनमा एक किसिमले विम्ब उतार्ने काम गर्दछ । यस किसिमको विम्बमा अद्भूत शब्द चित्रका साथसाथै विचारको गहनता हुन्छ ।

यसको उदाहरणका लागि २०६० मंसिरमा बागलुङ गल्कोटको शीतलपाटीको स्कुलमा दैवी प्रकोपको पूर्वतयारी कसरी गर्ने भन्ने ३ दिने तालिमको सिलसिलामा घट्न गएको वारदातका सम्बन्धमा सिर्जित 'ज्योतिषवाणीसँगै भेल्नु परेको सङ्कट' शीर्षकीय नियात्रामा उल्लेख भएको वर्णनलाई लिन सकिन्छ- *'म कहाँको मान्छे, आज कहाँ छु । कसैको जिन्दगीलाई मेरो कारण अप्ठ्यारोमा परोस् भन्ने चाहन्नँ । मैले केही गल्ती पनि गरेको छैन । फेरि ममाथि प्रहार भएको हतियारले मलाई कुनै चोट पटक, घाउ लागेको पनि छैन । त्यसैले कृपया मलाई गलत नठानिदिनुस् । मेरो को छ र यहाँ । म जतिसक्दो छिटो सदरमुकाम पुग्न चाहन्छु । अफिसमा जानकारी गराउनुपर्छ मैले । तर म त्यो साथीलाई (नारायण भण्डारी ?) केही सजाय दिन जरूरी ठान्दिनँ ।' (पृ. ४५)*

माथि उद्धृत नियात्रांशमा विचार र विद्धताको कुरा छ । यसमा गहन विचार र निर्णय प्रकाश पारी सुन्दर विम्बको सिर्जना गरिएको छ ।

यसप्रकार नेपाली तथा विश्व नियात्रा साहित्यमा विम्बहरूको व्यापक प्रयोग भएको पाउँछौँ । विम्बहरूको प्रयोगले नियात्रा सजीव, सरस तथा पठनीय हुन्छ । वस्तुपरक विम्बले विभिन्न स्थान, घटना र यात्राको समयमा सम्पर्क भएका विभिन्न व्यक्तित्वका बारेमा शब्दचित्रमा प्रस्तुत गरिएका हुन्छन् । अलङ्कृत विम्बको प्रयोगले कलात्मक वर्णन गरिनाले पाठकलाई मिठास प्रदान गरिएको पाइन्छ । त्यसरी नै ज्ञानेन्द्रियबोधक विम्बले सर्जकको संवेदनशील हृदयबाट प्रस्फुटित कलालाई दर्साएको हुन्छ भने अमूर्त विम्बले सर्जकको बौद्धिक तथा यथार्थ चेतनाको स्तर पाठकको मनभरि छताछुल्लिएर आएको हुन्छ ।

उल्लिखित कुराहरूका आधारमा नियात्रा के कति बलवान् छ भन्ने कुराको ज्ञान हुन्छ । तसर्थ सिर्जनामा विम्बहरूलाई निकै सोचेर प्रयोग गर्न जरूरी छ भन्न सकिन्छ ।

(bastim2003@yahoo.com)

समीक्षा

# प्राची का सूर्यले छरेको ज्योति

डा. अम्बिका अर्याल

**प्राची का सूर्य** कवितासङ्ग्रह डिल्लीराम शर्मा 'संग्रौला'द्वारा रचित कृति हो । यसको शीर्षकले नै पूर्वको उज्यालो वा पूर्वीय चेतनालाई जनाएको छ । यस सङ्ग्रहभित्र यसै शीर्षकको एउटा कविता समाविष्ट गरिएको हुँदाहुँदै पनि यसभित्रका सबै कविताको भावलाई सम्बोधन गर्न सक्ने सामर्थ्य शीर्षकमा छ । पूर्वलाई चेतनाको उद्गमस्थल मानिने हुनाले मात्र नभएर कवि आफू जन्मेहुर्केको भूगोलको सम्मानस्वरूप पनि यस शीर्षकलाई चयन गरिएको हुन सक्छ । त्यति मात्र नभएर लेखनीका माध्यमबाट समाजपरिवर्तनको सकारात्मक मार्गदर्शन गर्ने भावयुक्त कविताहरूले दिने प्रतीकात्मक अर्थसँग शीर्षकको मेल गरिएको छ ।




**प्राची का सूर्य** कवितासङ्ग्रह बहुल विषयलाई समेटेर लेखिएको कविता हो । कविले बाल्यकालका सम्झना, सांस्कृतिक परम्परा र जीवनका विविध पक्षलाई कवितामा यथार्थपरक रूपमा उतारेका छन् । बाल्यकालमा दीपावलीको देउसी-भैली गीतहरू लेख्दै अङ्कुरित भएको उनको साहित्यिक यात्रा मणिपुर विश्वविद्यालयमा देवराज सरको प्रेरणाबाट थप मौलाएको छ । यसमा जीवनका दुःखसुख, सामाजिक विकृति, भ्रष्टाचार, प्रेम, मिलन, विछोड, आक्रोश र आशाका अनेकौँ पक्षलाई सरल तर भावनात्मक अभिव्यक्तिका साथ प्रस्तुत गरिएको छ ।

सङ्ग्रहका कविताहरूमा पारिवारिक प्रेम, सामाजिक अन्याय र राष्ट्रिय भावनाका फूलरूपी थुँगाहरू एउटै सूत्रमा उनिएका छन् । 'तब उगेगा प्राची से सूरज' शीर्षकको कविताले समाजमा शान्ति र परिवर्तनको आकाङ्क्षा व्यक्त गरेको छ भने 'माँ से शिकायत'मा मातृप्रेमको मर्मस्पर्शी चित्र उतारिएको छ । 'माँ से शिकायत' र 'बाबा'जस्ता कविताले मातृप्रेम र पिताप्रतिको सम्मान अत्यन्त संवेदनशील रूपमा प्रस्तुत गरेका छन् । देशभक्ति र राष्ट्रिय चेतनालाई 'जन्मभूमि के लिए'जस्ता कवितामार्फत अभिव्यक्त गरिएको छ ।

प्रेम मात्र नभएर सामाजिक न्याय, मानवता र परिवर्तनको अपेक्षा कविताका स्वर बनेर उभिएका छन् । सामाजिक न्यायको माग गर्दै भ्रष्टाचारको विरोधमा 'भ्रष्टाचार की चाबी' र 'सांसद' जस्ता कविताहरू देखा परेका छन् भने 'तब उगेगा प्राची से सूरज'ले युद्ध र हिंसाको अन्त्यको कामना गर्दै सामाजिक शान्ति र समृद्धिको सपना सजाएको छ । समाजका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गर्दै समाजमा व्याप्त भ्रष्टाचार, अन्याय, राजनीति, हिंसा र सत्तामोहमाथि धावा बोल्ने कवि 'भ्रष्टाचार की चाबी' शीर्षकको कवितामा भन्छन् :

भ्रष्टाचार की चाबी
देख ली मैंने
गणमान्य के हाथ में
खोलते हैं ताले

जब वे चाहे ।

उनका कविताले भ्रष्टाचारका माध्यमबाट नेताले सोझासाझा जनतालाई ठगिरहेको तथ्य मार्मिक रूपमा प्रस्तुत गर्छन् । कविले ठुला पदमा बसेका व्यक्तिले जनताको हक खोस्ने र देशको सम्पत्ति लुट्ने कार्यलाई काव्यात्मक शैलीमा व्यक्त गरेका छन् ।

युद्धविरोधी तथा शान्तिका पक्षधर देखिएका कविले 'कबूतर की लाश' शीर्षकको कवितामार्फत युद्धको नकारात्मक प्रभाव देखाएर एवम् शान्तिको आह्वान गरिरहेका छन् । उनले युद्धले निर्दोष प्राणी तथा मानिसको जीवनमा पुर्‍याएको क्षतिको वास्तविक चित्र उतारेर प्रकृति र वातावरणका लागि समेत युद्ध घातक भएको भाव प्रस्तुत गरेका छन् । उनी भन्छन् :

गोद में लिए मैंने उसे पुचकारा
पर अपनी मूक भाषा से वह कह रहा था–
'दुष्ट, क्यों पुचकारते हो तुम मुझे ?'

यसमा कविले एउटा घाइते कबूतरलाई युद्धको पीडाको प्रतीकका रूपमा चित्रण गरेका छन् । एउटाले सिर्जना गरेको हिंसामा अर्कोले लगाएको मलम कति हास्यास्पद छ भन्ने सन्दर्भलाई प्रतीकात्मक रूपमा देखाएर चराका माध्यमबाट मानवीय चरित्र र व्यवहारप्रति व्यङ्ग्य गरिएको छ ।

देवी, आमा तथा सिङ्गो नारी शक्तिको गाथा गाउनमा पनि कवि पछि पर्दैनन् । उनको 'नारी' शीर्षकको कविताले नारीको बहुआयामिक भूमिकालाई उजागर गर्दै समाजमा महिलाको महत्त्व एवम् योगदानलाई प्रस्तुत गरेको छ । उनले नारीका योगदानलाई विभिन्न उपमाका माध्यमबाट यसरी चित्रण गरेका छन् :

माता, पत्नी, पुत्री, भगिनी,
प्रमदा, योषा, रमणी,
अनेक रूपों से सजी यह भू ।

पितृसत्तात्मक समाजमा महिलालाई अझै पनि समान अवसर प्राप्त हुन नसकेको यथार्थलाई परोक्ष रूपमा आलोचना गर्दै लैङ्गिक समानताको वकालत यसमा गरिएको छ ।

प्रेमीप्रेमिकाबिचको शृङ्गारिक प्रेम पनि कविको लेखनीमा समेटिएको छ । उनले 'सच में मैं शराबी हूँ' शीर्षकको कवितामार्फत प्रेमको गहनता र महत्त्वलाई फरक शैलीमा प्रस्तुत गरेका छन् :

लोग शराब गम भुलाने के लिए पीते हैं
लोग शराब माशूका के विरह में पीते हैं
पर मैं मेरी जान !
शराब तुम पर खो जाने के लिए पीता हूँ ।

यसमा कविले प्रेमलाई परम्परागत प्रेमभन्दा भिन्न तरिकाले प्रस्तुत गरेका छन् । मदिराभक्त प्रेमीले मदिरा प्रेमिकाकै प्रेमको समर्पणका लागि पिउने गरेको सन्दर्भका माध्यमबाट कविले प्रेमको लत, समर्पण र प्रेमसम्बन्धबिचको तादात्म्यतालाई प्रस्ट पारेका छन् ।

श्रमजीवी पक्षधर बनेका कविले समाजमा भएका वर्गीय विभेदमाथि प्रश्न उठाएका छन् । उनले श्रमको मूल्य नबुझ्ने पद्धतिप्रति व्यङ्ग्य गर्दै श्रमविना संसार नचल्ने तथ्य पनि प्रस्तुत गरेका छन् । तर गरिबीको धज्जी उडाएर महलमा रमाउनेप्रति आक्रोश व्यक्त गर्दै कवि भन्छन् :

रो रहे हैं गरीब
आँसू की बूँदें बहाकर नहीं

बहाकर पसीने की बूँदें

यसले नेपाली समाजको कटु यथार्थलाई देखाउँदै गरिबले श्रम बगाएर देखेको सपनाको धज्जी उडाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ । उनका कवितामा जीवनदर्शनलाई पनि विषय बनाइएको छ । जीवन र मृत्युसम्बन्धी चिन्तन 'इस धरा पर' कवितामा भेटिन्छ । यसमा जीवनको क्षणभङ्गुरता र मृत्युको यथार्थलाई गहन रूपमा चित्रण गरिएको छ ।

कविका कवितामा दृश्य विम्बको आधिक्य पाइन्छ । पाठकलाई प्रत्यक्षदर्शीजस्तै गरी घटनास्थलमै पुगेको अनुभूति दिलाउने किसिमको कविताका रूपमा 'सूरज का आग्रह' देखिएको छ । यसमा सूर्यले मानव समाजको हिंसालाई हेरेर आक्रोश व्यक्त गरेको सन्दर्भ दृश्य विम्बका रूपमा प्रस्तुत गरिएको छ । व्यङ्ग्यात्मक शैलीयुक्त कविताका रूपमा 'भ्रष्टाचार की चाबी' सशक्त बनेको छ । यसले नेताहरूको भ्रष्टाचारमाथि व्यङ्ग्यको झटारो हानेको छ । भावनात्मक संवेदना प्रस्तुत गर्दै पाठकको हृदयमा गहिरो प्रभाव पार्न सक्षम कविताका रूपमा 'माँ से शिकायत' देखा परेको छ । समाजमा देखा परेका यथार्थ घटनालाई टपक्कै टिपेर 'नेता का पेट' कविताले नेताहरूको स्वार्थी प्रवृत्तिको पर्दाफास गरेको छ । विषयगत विविधता, मार्मिक अभिव्यक्ति, सशक्त व्यङ्ग्य, सामाजिक एवम् राजनीतिक विकृतिप्रति तिखो आलोचना गरिएका छन् ।

शर्माका कविताहरू पढ्दै गर्दा अन्य चर्चित कविको पनि झझल्को आउन थाल्छ । उनको ' गरिब' कवितामा प्रयोग गरिएको गद्यात्मक शैली र भावको मेल महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'पागल' कवितासँग हुन पुग्छ । 'भ्रष्टाचार की चाबी' कवितामा प्रस्तुत गरिएको राजनीतिक व्यङ्ग्यले भूपि शेरचनको 'घुम्ने मेचमाथिको अन्धो मान्छे' कविताको याद दिलाउँछ ।

भाषामा सरलता, परिवेशमा सजीवता र अभिव्यक्तिमा संवेदनशीलता कविका काव्यशैली बनेर देखा परेका छन् । सरल र प्रवाहमय भाषाले अभिव्यक्तिको तात्पर्य बोधमा सहजता थपेको छ । 'सूरज' 'गुलाब', 'नदी' जस्ता विम्ब र **प्राची का सूर्य** (शान्ति, आशा र परिवर्तनको प्रतीक) जस्ता प्रतीकका माध्यमबाट कविता सशक्त बन्न पुगेको छ । तर यस एक सङ्ग्रहभित्र एकै शीर्षकका अनेक कविता रचिनु, भावमा पुनरावृत्ति गरिनु, कतिपय छोटा कविताहरू अपूर्ण र कमजोर प्रतीत हुनु, उठान र बैठानमा एकरूपता नहुनु, लामा आकारका कवितामा सूत्रात्मक र काव्यात्मक भाषा प्रयोगको कमी देखिनु, नयाँ विम्ब र प्रतीकको प्रयोगतर्फ सचेत नहुनुजस्ता सन्दर्भले परिष्कृत लेखनको अपेक्षा गरेको छ ।

समग्रमा शर्माको लेखनीले पाठकलाई सामाजिक, सांस्कृतिक र व्यक्तिगत अनुभूतिहरूको गहिराइमा डुबुल्की मार्न प्रेरित गरेको छ । एक्काइसौँ शताब्दीका विभिन्न वर्ग तथा समुदायका नेपाली जनताका पीडा, आक्रोश, अनुभूति र अपेक्षालाई समेटिएको हुनाले पुस्तक पढिसकेपछि हरेक पाठकले अपनत्वबोध गर्ने पक्का छ । समाजको यथार्थलाई जस्ताको तस्तै उतार्ने मात्र नभएर आलोचना गर्ने र दिशानिर्देश गर्ने कविताहरू यसमा रहेका हुनाले कला कलाका लागि मात्र नभएर जीवनका लागि पनि हुनुपर्ने विचारसँग कवि सहमत देखिन्छन् । जेहोस्, देशप्रेम, भ्रातृप्रेम, मातृप्रेम, पितृप्रेममा जोड दिँदै सामाजिक, लैङ्गिक एवम् वर्गीय विभेदको अन्त्यको माग गर्नुका साथै भ्रष्टाचारको विरोध मात्र नभएर शान्तिको पक्षधरता एवम् मानवतावादी चिन्तनलाई प्रस्तुत गर्ने शर्माको **प्राची का सूर्य**ले लेखनीका माध्यमबाट पूर्वमा उज्यालो ज्योति छर्ने लक्ष्यमा पक्कै सफलता हासिल गर्ने छ । आगामी दिनमा सशक्त र परिष्कृत लेखनको शुभेच्छा छ ।

# आत्महत्या समस्याको समाधान होइन

**आत्महत्याका प्रमुख कारणः**

- मानसिक तनाव, डिप्रेसन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक सङ्कट र ऋण लाग्नु,
- हीनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकाङ्क्षा पूर्ति हुन नसक्नु,
- सोचेअनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहारलगायत

**रोकथामका लागिः**

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौँ,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔँ,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔँ वा सहायता केन्द्रमा सम्पर्क गरौँ,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौँ र सहयोग गरौँ ।

**"एकअर्काको सहारा बनौँ, आत्महत्या होइन**

**समस्याको समाधान खोजौँ"**

**नेपाल सरकार**

विज्ञापन बोर्ड

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

## संरक्षक, विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष संरक्षक, विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । संरक्षक, विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK / Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name / Account Number मा रकम जम्मा गरी यस पत्रिकाको संरक्षक, विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । संरक्षक, विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

**सदस्यता शुल्क**

| देश/संस्था | संरक्षक | विशिष्ट | आजीवन |
|---|---|---|---|
| नेपाल (नेरू) र भारत (भारू) | एक लाख | १०,०००।- | ५,०००।- |
| संस्थागत र अन्य मुलुक (नेरू) | दुई लाख | २०,०००।- | १०,०००।- |

**शब्दाङ्कुरलाई रकम भुक्तानी गर्न QR कोड स्क्यान गर्नुहोस् ।**